# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ८८ | काठमाडौं | आइतबार, ०४ साउन २०८२ | Prabhab National Daily | Sunday, July 20, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं।
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर मात्र हिडौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा मात्र सुतौं ।

सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


'घुस डिल'को अडियो प्रकरण

## भूमि व्यवस्थामन्त्री अधिकारीमाथि छानबिन गर्न एमाले कास्कीको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** बिचौलियाबाट ३२ लाख घुस लिएको अडियो सार्वजनिक हुँदा पनि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी राजीनामा दिने सुरसारमा छैनन् । विपक्षी दलहरू मात्रै होइनन्, मन्त्री अधिकारीकै दल नेकपा एमालेबाटै पनि उनको राजीनामा माग भइरहेको छ ।

यद्यपि, पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले नै उनलाई संरक्षण दिइरहेका छन् । अधिकारी ओलीनिकट मानिन्छन् । सम्भवतः त्यही भएर उनी मन्त्रीबाट राजीनामा दिने तयारीमा छैनन् ।

अधिकारी कास्कीको पोखरामा रहेको लिची बगैंचा हत्याउन भएको प्रपञ्चमा जोडिएका छन् । यस्तोमा एमाले कास्कीले मन्त्री अधिकारीलाई छानबिन गरी कारबाहीको दायरामा ल्याउनुपर्ने निर्णय नै गरेको छ । शनिबार पोखरामा भएको पार्टीको विस्तारित बैठकमा लिची बगैंचा हडप्न सार्वजनिक भएको घुस प्रकरणमा जोडिएका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले राजीनामा दिएको तर भूमि व्यवस्थामन्त्री पदमै



**बलराम अधिकारी**
भूमि व्यवस्था, सहकारी मन्त्री

- ३२ लाख रुपैयाँ घुसकाण्डमा मुछिएका भूमिमन्त्री बलराम अधिकारीलाई राजीनामा दिन कास्की एमालेको आग्रह
- १३५ रोपनी लिची बगैंचा हत्याउने बिचौलियाको प्रपञ्चमा मन्त्री अधिकारीको जोडबल

रहेकाले अधिकारीलाई पदमुक्त गरेर अनुसन्धानको दायरामा ल्याउन निर्णय गरिएको छ ।

जिल्ला अध्यक्ष बैनबहादुर अधिकारीले बैठकले घुस प्रकरणमा जोडिएका भूमि व्यवस्थामन्त्री अधिकारीसहित सबै मन्त्रीलाई राजीनामा गराएर अनुसन्धान गर्नुपर्ने र दोषी देखिएको कारबाहीको दायरामा ल्याउनुपर्ने माग गर्ने निर्णय भएको जानकारी दिए । 'पोखराको चर्चित लिची बगैंचा प्रकरणमा जोडिएर भूमि व्यवस्थामन्त्री बलराम अधिकारीको पनि अडियो सार्वजनिक भएको छ । माझिकुनामा माछा खानेसम्मको डिल सार्वजनिक भइसकेको छ । यस्तो अवस्थामा उहाँलाई पनि राजीनामा गराएर अनुसन्धानको दायरा ल्याउन माग गर्ने निर्णय भएको हो,' उनले पत्रकारहरूसँग भने ।

घुस प्रकरणमा मुछिएका मन्त्री गुप्ताले राजीनामा दिए पनि अधिकारीले आनाकानी गरिरहेका छन् । उनीसमेतले पोखरा-१६ अमरदीपमा रहेको करिब १३५ रोपनी लिची बगैंचा हत्याउन घुस लिएको विषय हालै सार्वजनिक भयो । यो प्रकरणमा नागरिक उन्मुक्ति पार्टीकी अध्यक्षसमेत रहेकी पूर्वभूमि व्यवस्थामन्त्री रञ्जिता श्रेष्ठसमेत मुछिएकी छन् । यसबारे छानबिन गर्न संसदीय समिति गठनको माग भइरहेको छ ।

क्रमशः पृष्ठ २ मा

एमाले पोलिट ब्युरो बैठक

# ओलीलाई नेतृत्वमा दोहोरिन खुलाइयो बाटो, भण्डारीलाई निषेध

- ७० वर्षे उमेर हद र दुई कार्यकालको प्रावधानमा संशोधन गर्दै ओलीलाई तेस्रोपटक अध्यक्ष हुने बाटो खुला गर्ने पोलिट ब्युरो बैठकको निर्णय
- विद्यालाई छेक्नेगरी विधान संशोधन गर्ने तयारी, सदस्यता पुनः नवीकरण 'पेण्डिङ'मा
- सुवास नेम्बाङ र गणेश तिमिल्सिनाको सदस्यता नवीकरण हुने तर भण्डारीको पेण्डिङमा !

■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा एमालेको पोलिट ब्युरो बैठकले प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीका लागि तेस्रोपटक नेतृत्वमा आउने बाटो खुला गरेको छ । पार्टीको विधानबाट ७० वर्ष उमेर हद र दुई कार्यकालको व्यवस्था हटाउने प्रस्ताव पोलिट ब्युरो बैठकले पारित गर्दा ओलीलाई फेरि



अध्यक्ष बन्ने बाटो खुलेको हो ।

यी दुवै प्रस्ताव ओलीलाई अध्यक्षमा तेहर्‍याउने गरी बैठकमा प्रस्तुत गरिएको थियो । प्रस्ताव प्रस्तुतकर्ता उपाध्यक्ष विष्णु पौडेल हुन् । पार्टी प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार पौडेलले प्रस्तुत गरेको प्रस्ताव पारित भएको छ । जबकि, यतिबेला एमालेमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी नेतृत्व लिनेगरी पार्टी राजनीतिमा क्रियाशील हुन खोजिरहेकी छन् ।

तर, विधानमा ७० वर्षे उमेर हद र दुई कार्यकाल नेतृत्वमा रहने प्रावधानमा संशोधन गर्न गरिएको प्रस्ताव पारित भएसँगै विद्या किनाराकृत हुन सक्ने विश्लेषण हुन थालेको छ । भण्डारीले एउटा समूह नै खडा गरेर आगामी महाधिवेशनबाट पार्टी नेतृत्व हुन जोडबल गरिरहेकी छन् । उनको समूहले ओलीलाई पार्टीको तल्लादेखि माथिल्लो तहको कमिटीसम्मै चुनौती दिन थालेको छ । भण्डारीलाई भावी एमाले नेतृत्वका लागि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल खुलेरै लागेका छन् । पदाधिकारी, स्थायी कमिटी, पोलिट ब्युरोदेखि केन्द्रीय कमिटीसम्मका पार्टी संरचनामा रहेका कतिपय नेता ओलीको विकल्पको रूपमा पूर्वराष्ट्रपति भण्डारीलाई हेर्न चाहन्छन् ।

क्रमशः पृष्ठ २ मा



पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता पुनःनवीकरण पार्टी विधानको धारा ८ र ९ आकर्षित भएकोले पेण्डिङमा राखिएको छ । स्वेच्छाले राजीनामा गरेको व्यक्तिले पार्टीमा पुनः आउने वा पार्टीले खटाएको व्यक्ति पुनः आउने भन्ने विषयमा गम्भीरतापूर्वक छलफल भएको छ ।

**■ राजेन्द्र गौतम**
प्रचार विभाग प्रमुख, एमाले



म अध्यक्ष कमरेड केपी ओली र सम्पूर्ण नेतृत्व पंक्तिलाई अनुरोध गर्न चाहन्छु पार्टीमा विधिसम्मत पुनः क्रियाशील हुन चाहने पूर्वराष्ट्रपतिलगायत सबैलाई निषेध गरेर होइन, खुला स्वागत गरेर काममा लगाउनुपर्छ ।

**■ आनन्द पोखरेल**
पोलिट ब्युरो सदस्य, एमाल

**सन्दर्भः वैदेशिक रोजगार**

आव २०८१/८२ मा श्रम मन्त्रालय

## नीतिगत, संरचनागत तथा कानुनी सुधारका लागि पहल

### १२ मुलुकसँग श्रम सम्झौताको प्रस्ताव

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत आर्थिक वर्ष २०८१/८२ मा युरोपका १२ वटा मुलुकसँग श्रम सम्झौताका लागि प्रस्ताव गरेको जनाएको छ । गत आर्थिक वर्षको प्रगति विवरण सार्वजनिक गर्दै मन्त्रालयले अल्बानिया, अस्ट्रिया, टर्की, माल्टा, बोस्निया र हर्जगोभिना, क्रोएसिया र बेल्जियमसँग श्रम सम्झौताको प्रस्ताव गरेको जनाएको हो ।

मन्त्रालयका अनुसार कुवेत, कतार, दक्षिण कोरिया, मलेसिया र मौरिससको श्रम सम्झौता नवीकरणको प्रयास भइरहेको छ । त्यस्तै नेपाल र साउदी अरेबियाबीचको द्विपक्षीय श्रम सम्झौताको अन्तिम मस्यौदा तयार भई परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय र कानुन, न्याय तथा




संसदीय मामिला मन्त्रालयबाट राय प्राप्त गरी अन्तिम मस्यौदा तयार भइसकेकाले चाँडै समझदारीपत्रमा हस्ताक्षर हुने मन्त्रालयको भनाइ छ ।

गत आवमा विभिन्न मुलुकमा घरेलु कामदारको हकहितलाई संरक्षण गरी संस्थागत र व्यवस्थित तवरले श्रमिक पठाउने कार्यका लागि गृहकार्य गरिएको विवरणमा उल्लेख छ । संयुक्त अरब इमिरेट्स (युएई)मा नमूना परियोजना सञ्चालन गर्न संसदीय समितिको राय माग गरिएको मन्त्रालयको भनाइ छ ।

श्रम मन्त्रालयले परराष्ट्र मन्त्रालयसँगको संयुक्त पहलमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको पूर्णविवरण लिनेलगायत अप्ठ्यारोमा रहेको अवस्थामा उद्धार गर्नसमेत सहज हुनेगरी 'श्रम संसार' एप्लिकेसनको विकास गरेर महत्त्वपूर्ण काम गरेको जनाएको छ । उक्त अवधिमा मन्त्रालयले प्रविधिमा आधारित सेवा प्रवाह विस्तार गरेको, वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको स्तरोन्नतिका लागि प्राविधिक अध्ययन गरिएको, वैदेशिक रोजगारका क्रममा सबै प्रकारका अभिमुखीकरणलाई डिजिटल प्रविधिमा लग्नका लागि आवश्यक अध्ययन सकिएको र यसका लागि बजेटको प्रबन्ध मिलाइएको जनाएको छ ।

मन्त्रालयले वैदेशिक रोजगारीमा जानुअघि गरिने स्वास्थ्य परीक्षणलाई थप प्रभावकारी बनाउन अनुगमन प्रणालीमा सुधार गरिएको उल्लेख गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## वैदेशिक रोजगार व्यवसायी संघ झापा दोस्रो वर्षमा



**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार व्यवसायी संघ झापा स्थापनाको दोस्रो वर्षमा प्रवेश गरेको छ । गत वर्ष दर्ता भएर वैशाखमा नयाँ कार्यसमिति चयन गरेको संघले शुक्रबार झापाको बिर्तामोडमा कार्यक्रम गरी प्रथम स्थापना दिवस तथा साधारणसभा सम्पन्न गरेको छ । सोही कार्यक्रमबाट संघमा मनोनीत पदाधिकारी तथा सदस्य घोषणा गरिएको छ ।

साधारणसभामा संघका अध्यक्ष धनबहादुर पन्धाकले संस्थाको प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले संस्थाको आफ्नै भवन, स्वास्थ्य बिमा, व्यावसायिक कर्जा, व्यवसायी राहत कोषलगायतका कार्यक्रम सञ्चालन गर्ने योजना रहेको बताए ।

कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष वैकुण्ठप्रसाद पौडेलले संघ व्यवसायीको हक हितमा लागिपरेको र कानुनी समस्या समाधानका लागि सरकारसँग निरन्तर लबिइङमा रहेको बताए ।

क्रमशः पृष्ठ २ मा





जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निःसन्तानपन सम्बन्धी उपचार

HARDIK IVF and Fertility Center
Where Miracles Come to Life

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# 'इजरायल इन्टर्नसिप कार्यक्रम' पुनः सञ्चालन गर्नेबारे छलफल

**काठमाडौं (प्रस)–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त र नेपालका लागि इजरायलका राजदूत श्मुलिक आरि बासबीच इजरायलमा नेपाली कृषि विद्यार्थीको 'इन्टर्नसिप' कार्यक्रम पुनःसञ्चालन गर्ने विषयमा छलफल भएको छ । शुक्रबार शिक्षामन्त्री पन्तलाई भेट गर्दै राजदूत बासले उक्त विषयमा छलफल गरेका हुन् । छलफलमा मन्त्री पन्तले इजरायलले विगतदेखि वर्तमानसम्म नेपालप्रति विभिन्न चरणमा गरेको सहयोगको प्रशंसा गरेको जनाइएको छ । राजदूत बासले सन् २००१ देखि सञ्चालनमा रहेको परियोजनाबारे जानकारी गराएका थिए ।

उक्त कार्यक्रममार्फत हालसम्म चार हजारभन्दा बढी नेपाली कृषि विद्यार्थी इजरायलमा गई कृषिसम्बन्धी अनुभव हासिल गर्न सफल छन् भने केहीले इजरायलबाट फर्केपछि नेपालको कृषि क्षेत्रमा उल्लेखनीय योगदानसमेत पुऱ्याएका छन् । सन् २०२३ अक्टोबर ७ मा भएको हमासको आक्रमणपछि नेपाली विद्यार्थीलाई इजरायल जान रोक लगाइएको छ । यदि यो प्रक्रियागत ढिलाइ यथावत् रह्यो भने नेपालको कृषिलाई अगाडि बढाउनसक्ने लगभग एक हजार कृषि इन्टर्नहरूले अवसर गुमाउने राजदूत बासको भनाइ थियो ।

उनले शिक्षा मन्त्रालयसँग विश्वविद्यालयमा विद्यार्थीलाई समयमै दर्ता गर्ने र इजरायल जान दिनका लागि निर्देशन गरी सहयोग गरिदिन हुन आग्रह गरे । यस सन्दर्भमा शिक्षा मन्त्रालयले इन्टर्नसिपमा जाने विद्यार्थीको इजरायल फिर्तीमा कुनै अवरोध नरहेको स्पष्ट गरेको छ । शिक्षा मन्त्रालयले अभाव पूर्ति गर्न आगामी वर्षमा कोटा बढाउने प्रस्ताव पनि गरेको छ । इजरायली परराष्ट्र मन्त्रालयबाट प्राप्त जवाफ र इजरायलका लागि नेपाली राजदूतबाट सुरक्षा अवस्थाका बारेमा दुई सकारात्मक प्रतिवेदनअनुसार परराष्ट्र मन्त्रालयले इजरायलको सुरक्षा अवस्था सामान्य भइसकेकाले इजरायल जाने प्रक्रिया पूर्ववत् प्रक्रियाअनुसार निरन्तरता दिन पनि एक सूचना जारी गरिसकेको छ ।

विद्यार्थी दर्ता प्रक्रिया द्रुतरूपमा अघि बढाउन, यसबारे विद्यार्थीलाई जानकारी दिन र विश्वविद्यालयसँग समन्वय गर्न सबै सम्बन्धित निकायलाई आग्रह पनि गरिएको छ । त्यस अवसरमा शिक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता शिवकुमार सापकोटा तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरू पनि सहभागी थिए ।

## स्वास्थ्य बिमा गरेकाले ३७७ अस्पतालबाट प्रथम सेवाको उपचार पाइने

**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा गरेका व्यक्तिले ३७७ अस्पतालबाट प्रथम सेवाको उपचार गर्न पाउने भएका छन् । यही साउनदेखि प्रथम सेवा बिन्दुका लागि बोर्डमा सूचीकृत भएका अस्पतालबाट सेवा पाउने बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिए ।

यसअघि बोर्डले तोकेको स्वास्थ्य संस्थामा गएर प्रथम सेवा बिन्दुबाट मात्रै प्रथम सेवा लिनुपर्ने व्यवस्था रहेको थियो । 'अब झापाको बीमितले कञ्चनपुरमा रहेको प्रथम सेवा बिन्दुका लागि सूचीकृत भएको स्वास्थ्य संस्थाबाट उपचार पाउने छन्,' उनले भने, 'प्रथम सेवा बिन्दुमा गएर उपचार गर्ने व्यवस्थालाई खुला गरिएको हो ।' ती प्रथम सेवा बिन्दुमा उपचार गरेपछि प्रेषण केन्द्र (रिफरल) अस्पतालमा गएर उपचार बीमितले पाउने छन् ।

देशभरि बोर्डमा प्रथम सेवा बिन्दु ३७७ वटा स्वास्थ्य संस्था र रिफरल स्वास्थ्य संस्था ९८ वटा रहेका छन् । बोर्डले संघीय अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानलाई प्रेषण केन्द्रका रूपमा राखेको छ । बोर्डमा हाल ९४ लाख बीमित आबद्ध छन् । यस्तै, बोर्डले प्रत्येक स्थानीय तहमा एक/एकवटा प्रथम सेवा बिन्दु स्वास्थ्य संस्था राख्न अनुरोध गरेको छ ।

पृष्ठ १ बाट क्रमशः

## ओलीलाई नेतृत्वमा...

यस्तो बेला पोलिट ब्युरो बैठकले ओलीको विकल्प ओली नै हुनेगरी निर्णय गरेको हो । भण्डारीका लागि खासगरी विधानको धारा ८ र ९ बाधक देखाइएको छ । यी दुई प्रावधानले उनको सदस्यता नवीकरण नै 'पेण्डिङ'मा रहेको पार्टी प्रचार विभाग प्रमुख गौतमले बताए । शनिबार पत्रकारहरूसँग उनले भने, 'विधानको धारामा गम्भीररूपमा छलफल गर्दा यसले विधान धारा ८ आकर्षित गरिएको देखियो, धारा ८ मा पनि स्वेइच्छाले राजीनामा दिएर गइसकेको व्यक्ति भनेको राष्ट्रपति पदका लागि पार्टी सदस्यता त्याग गरेर गएको व्यक्तिको पुनःनवीकरण गर्ने प्रक्रिया के छ भन्दा विधानको धारा ९ आकर्षित गरेको छ र यसमा अर्को कुनै ठोस निर्णय भएन भने नयाँ प्रक्रियाबाट पनि आउनुपर्ने ध्यानाकर्षण गरेको छ ।'

यी दुवै धारालाई विभिन्न कोणबाट छलफल गरिएको र निष्कर्षमा नपुगिएको गौतम बताउँछन् । उनले स्वेइच्छाले राजीनामा गरेको सदस्यले पार्टीमा पुनः आउने कुरा या पार्टीले खटाएको काममा गएको व्यक्ति पुनः पार्टीमा आउने कुरा यस विषयमा गम्भीररूपमा छलफल चलिरहेको बताए ।

गौतमका यी अभिव्यक्तिले पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण नभएको जनाउँछ । तर, महासचिव शंकर पोखरेलले एक वर्षअघि नै भण्डारीको सदस्यता नवीकरण भएको एक अन्तर्वार्तामा बताएका छन् । संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले त शुक्रबारको पोलिट ब्युरो बैठकमा सदस्यता नवीकरण गरेर गल्ती गरिएको भन्दै माफीसमेत मागेका थिए । यति हुँदाहुँदै बैठक सकिएपछि पत्रकारहरूसँग ब्रिफिङ गर्दै प्रचार विभाग प्रमुख गौतमले नवीकरण पेण्डिङमा रहेको भ्रमपूर्ण जानकारी दिएका हुन् । अर्कातिर गौतमले पूर्वराष्ट्रपति भण्डारीले स्वेच्छाले सदस्यता त्याग गरेको भनेर व्याख्या गरे । यसबाट भण्डारीमाथि राजनीतिमा नफर्किन दबाब बढाउने रणनीतिमा रहेको टिप्पणी भइरहेको छ ।

राजनीतिशास्त्री लोकराज बराल संवैधानिक वा राजनीतिक नियुक्तिमा जानेहरूले स्वेच्छाले भन्दा पनि पार्टीले जिम्मेवारीमा खटाएकाले सदस्यता त्याग गरिएको अर्थमा बुझ्निनुपर्ने बताउँछन् । हुन पनि सभामुख तथा संविधानसभाका अध्यक्ष भइसकेका सुवास नेम्वाङको हकमा होस् वा राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनाको हकमा पनि सदस्यता नवीकरण भएको थियो । त्यही नवीकरणका आधारमा नेम्वाङ १०औं महाधिवेशनमा उपाध्यक्ष भएका थिए । भण्डारीलाई भने विधानको विभिन्न प्रावधान देखाउँदै रोक्न ओलीपक्ष लागेको देखिएको बराल बताउँछन् ।

ओलीपक्षका नेताहरू भण्डारी पार्टी राजनीतिमा नआऊन् भनेर अनेकन तर्कहरू गरिरहेका छन् । पोलिट ब्युरोमा ओलीपक्षको बहुमत छ । यस कमिटीको बैठकमा बोल्ने अधिकांशले पूर्वराष्ट्रपति भण्डारीलाई अहिले नै अध्यक्ष बनाउन नहुने पक्षमा मत राखेका थिए ।

ओलीनिकट पोलिट ब्युरो सदस्य महेश बस्नेतले त ११औं महाधिवेशनमा ओलीले नै पार्टी नेतृत्व गर्नुपर्ने बताए । उनले पछिल्ला दिनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका नेता शेखर कोइराला र भण्डारीको भेटवार्ता एमाले कमजोर पार्ने चाल भएको पनि टिप्पणी गरे । 'अहिले प्रचण्ड, शेखर र विद्या भण्डारी मिलेर सत्ता समीकरण खोज्दै छन् भनेर अमरेश सिंहले भन्ने, चीन भ्रमणदेखि नारायणकाजी, शेखर कोइरालासँग विद्या कमरेडको भेटघाट र 'सहयोग माग' वाम एकताको नाममा फेरि एमाले कमजोर पार्ने चालमा कम्युनिस्ट विरोधी तत्व सल्बलिएका छन् ।'

पोलिट ब्युरो सदस्य आनन्द पोखरेलले भने पूर्वराष्ट्रपति भण्डारीलाई पार्टीमा निषेध गर्न नहुने धारणा राखे । उनले भण्डारीलाई खुला स्वागत गरेर काममा लगाउन अध्यक्ष ओलीलाई आग्रह गरे । 'म अध्यक्ष कमरेड केपी ओली र सम्पूर्ण नेतृत्व पंक्तिलाई अनुरोध गर्न चाहन्छु पार्टीमा विधिसम्मत पुनः क्रियाशील हुन चाहने पूर्वराष्ट्रपतिलगायत सबैलाई निषेध गरेर होइन, खुला स्वागत गरेर काममा लगाउनुपर्छ,' पोखरेलले बैठकमा भने ।

पूर्वमन्त्री गोकुल बाँस्कोटाले भने मध्यमार्गी धारणा राखे । पार्टीमा भण्डारीको विषयमा देखिएको विवाद मिलाउन विश्वासिलो आधार तयार पार्न उनले नेतृत्वलाई सुझाव दिए । बाँस्कोटाले भने, 'अध्यक्ष र पूर्वराष्ट्रपतिबीचको विश्वास र सहकार्यको सम्बन्ध एमालेका साथीहरूलाई मात्र होइन, दुनियाँलाई थाहा छ । तपाईंहरू आपसमा छलफल गरेर राजनीतिक ढंगले सुल्झाउनुस्, प्राविधिक कुराले होइन ।'

■ ■ ■

## भूमि व्यवस्थामन्त्री...

हाल अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भने छानबिन गरिरहेको छ । भूमि आयोग कास्कीका अध्यक्ष खेम पुनलाई बनाउन बिचौलिया सुजन लामाले सामान्य प्रशासनमन्त्री छँदा गुप्तालाई ३२ लाख र मालपोत कास्कीका तत्कालीन प्रमुख रामचन्द्र अधिकारीको सरुवा रोक्न ५३ लाख रूपैयाँ घुस लेनदेन गरेको अडियो हालै सार्वजनिक भएको हो । यसले सत्तामा नै तरंग उत्पन्न गरेको छ ।

मन्त्री अधिकारीले आफूले घुस लिएको प्रमाण पेस गर्न चुनौती दिँदै आएका छन् । यद्यपि, बिचौलिया लामाले स्वार्थ समूह र राजनीतिक शक्तिको आडमा पोखराको लिची बगैंचा हडप्ने प्रपञ्च गरेका थिए । त्यसका निम्ति उनले हकवाला भनिएका व्यक्तिहरूसँग जग्गा दर्ता भइसकेपछि प्रतिशतका आधारमा लाभ लिने दुई पटकसम्म करारनामासमेत गरेका थिए । २०८० र २०८१ म फरक-फरक समूहसँग मिलेर लामाले हकवालासँग जग्गा हत्याउन करारनामा गरेको देखिएको छ । उक्त जग्गा दुर्गादेवी शाह र लोकदिव्यश्वरी शाहको नाममा छ ।

■ ■ ■

## नीतिगत...

स्वास्थ्य परीक्षणको विवरणलाई वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गर्न डिजिटल प्रणालीको निर्माण थालिएको मन्त्रालयको भनाइ छ । गत आवमा मन्त्रालयले वैदेशिक रोजगारीसँग सम्बन्धित विभिन्न नीतिगत, संरचनागत तथा कानुनी सुधार गरेको जनाएको छ । मन्त्रालयकाअनुसार वैधानिकीकरण श्रम स्वीकृतिका लागि वैदेशिक रोजगार सेवा प्रवाह कार्यविधि (दोस्रो संशोधन) स्वीकृत गरिएको छ । मन्त्रालयले सेप्टेम्बर २०२४ लाई 'कटअफ पोइण्ट' मानी कानुनी आधारमा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई वैधानिकीकरण गर्ने प्रक्रिया अघि बढाएको उल्लेख गरेको छ ।

त्यस्तै, वैदेशिक रोजगारीमा १०० भन्दा न्यून श्रमिक पठाउने म्यानपावरको नवीकरण नहुने प्रावधानलाई केही नेपाल ऐन संशोधनमार्फत हटाइएको, मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखालाई वैदेशिक रोजगार व्यवस्थापन महाशाखाको रूपमा परिवर्तन गरिएको र वैदेशिक रोजगार बोर्ड, सामाजिक सुरक्षा कोषको सेवा तथा सुविधाहरूलाई प्रभावकारी तवरले कार्यान्वयन गर्न सुधारको काम थालिएको मन्त्रालयको भनाइ छ ।

गत आवमा विभागले वैदेशिक रोजगारीसँग सम्बन्धित व्यक्तिगत र संस्थागत विवाद समाधान गरी सात अर्ब २० करोड रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ । उक्त आवको महत्त्वपूर्ण काममा वैदेशिक रोजगारका क्रममा मृत्यु भएका व्यक्तिहरूलाई क्षतिपूर्तिबापत १० लाख रूपैयाँ उपलब्ध गराउने निर्णय, युएईमा काम गर्न जाने श्रमिकहरूको न्यूनतम तलबलाई ८०० दिरामबाट एक हजार बनाइएको, व्यक्ति स्वयं उपस्थित नभई अभिमुखीकरण प्रमाणपत्र जारी हुने अभ्यासलाई नियन्त्रण गर्न आइरिस प्रणाली जडान गर्ने लगायत काम भएको विवरणमा उल्लेख छ । यसैगरी इजरायल, कोरिया, बेलायतमा जाने कूल आठ हजार ६२२ जनालाई निःशुल्क अभिमुखीकरण तालिम प्रदान गरिएको छ । मन्त्रालयकाअनुसार वैदेशिक रोजगारमा जाने श्रमिकहरूको अभिमुखीकरण प्रक्रियालाई सरलीकृत गर्दै प्रि-डिसिजन, प्रि-डिपार्चर र पोस्ट डिपार्चरको प्रावधानमा छलफल गरेर अभिमुखीकरणलाई सहज गर्न लागिएको छ ।

■ ■ ■

## वैदेशिक रोजगार...

युरोपका लागि मागपत्र प्रमाणीकरण जतिसक्दो छिटो लागू गरिदिन सरकारसँग आग्रह गरिएको पनि उनले जानकारी दिए । साथै, सेवा शुल्क निर्धारण गर्न सरकारसँग निरन्तर छलफलमा लागिरहेको पनि उनले बताए । कार्यक्रममा संघका संस्थापकलाई कदरपत्रले सम्मान गरिएको थियो ।


### सेती क्याम्पस
**छबिसपाथिभेरा १, बझाङ्को**

**बोलपत्र आह्वानको सूचना**

**प्रकासित मिति २०८२/०४/०४**

यस क्याम्पसको बोलपत्र सम्बन्धीको सूचना IFB No SCBJH\NCB\W\01-082\083, http:/bolpatra.gov.np/egp मा प्रकासित गरिएको छ । विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नु हुन तथा सम्बन्धित PPMO को website www.bolpatra.gov.np/egp visit गर्नुहुन अनुरोध छ ।

**क्याम्पस प्रमुख**

### साउदीमा रोजगार
कम्पनी : AL IMMAR AL JADEED CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०३/०२ LT. No. 327356 चलानी नं. ६०२४११६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ६६,०६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ११ गते (27 July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT. LTD.**
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम इजाजत नं. ३५९/०५९/०६०

### युएइमा रोजगार
कम्पनी : BHATIA GENERAL CONTRACTING COMPANY LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/०२ LT. No. 327188 चलानी नं. ६०२४११४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | helper | 40 | 0 | 1000 | ३७,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | steel fixer | 40 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 3 | shuttering carpenter | 40 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 4 | tile mason | 40 | 0 | 1200 | ४४,८७० | | | | | | | |
| 5 | block mason | 40 | 0 | 1200 | ४४,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः ए.के.एच ट्रेनिङ सेन्टर, काठमाडौंमा मितिः २०८२ साउन ११ गते (27 July 2025) मा हुनेछ ।
बुटवलमा मितिः २०८२ साउन १२ गते (28 July 2025) मा हुनेछ । नेपालगन्जमा मितिः २०८२ साउन १३ गते (29 July 2025) मा हुनेछ ।
जनकपुरमा मितिः २०८२ साउन १४ गते (30 July 2025) मा हुनेछ ।
मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुन्सरीमा मितिः २०८२ साउन १४ गते (31 July 2025) मा हुनेछ ।
प्राविधिक ट्रेनिङ सेन्टर, बिर्तामोड झापामा मितिः २०८२ साउन १५ गते (01 August 2025) मा हुनेछ ।
ए.के.एच ट्रेनिङ सेन्टर, काठमाडौंमा मितिः २०८२ साउन १६ गते (02 July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com
श्रम इजाजत नं ११९/०५५/०५६


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, ०४ साउन, २०८२

| | |
|---|---|
| **मेष** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **वृष** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **मिथुन** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **कर्कट** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **सिंह** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **कन्या** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **तुला** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **वृश्चिक** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **धनु** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **मकर** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **कुम्भ** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **मीन** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०४ साउन , २०८२ (२० जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.२१ | १३७.८१ |
| युरो | १ को | १५९.३१ | १६०.०० |
| पाउन्ड स्टिर्लङ | १ को | १८३.८६ | १८४.६७ |
| स्विस फ्रैन्क | १ को | १७१.०१ | १७१.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.४५ | ८९.८४ |
| क्यानाडियन डलर | १ को | ९९.९५ | १००.३९ |
| सिङ्गापुर डलर | १ को | १०६.७८ | १०७.२५ |
| जापानी येन | १० को | ९.२२ | ९.२६ |
| चिनियाँ युआन | १ को | १९.११ | १९.२० |
| साउदी अरब रियाल | १ को | ३६.५८ | ३६.७४ |
| कतारी रियाल | १ को | ३७.६५ | ३७.८१ |
| थाई भाट | ख १ को | ४.२२ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३६ | ३७.५२ |
| मलेसियन रिङ्गेट | १ को | ३२.३२ | ३२.४६ |
| दक्षिण कोरियन वन | १०० को | ९.८७ | ९.९१ |
| स्विडिस क्रोनर | १ को | १४.०७ | १४.१३ |
| डेनिस क्रोनर | १ को | २१.३५ | २१.४४ |
| हङकङ डलर | १ को | १७.४८ | १७.५६ |
| कुवेती दिनार | १ को | ४४८.७५ | ४५०.७१ |
| बहराइन दिनार | १ को | ३६३.९५ | ३६५.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# युवा तथा बालबालिका केन्द्रित प्रतिवेदन उच्च आयुक्तको कार्यालयमा

**काठमाडौं (प्रस)–** बालबालिका, किशोरकिशोरी तथा युवाका क्षेत्रमा क्रियाशील संस्था युवालयले डिकेए अस्ट्रियाको सहयोगमा नेपालको बाल-केन्द्रित बालबालिका र वातावरण तथा जलवायु न्यायसम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयमा पेस गरेको छ ।

यही साउन १ गते प्रस्तुत गरिएको उक्त प्रतिवेदनले जलवायु र वातावरणीय चुनौतीहरूको सन्दर्भमा बालअधिकारलाई उजागर गर्दै नेपालको चौथो विश्वव्यापी आवधिक समीक्षा (युपिआर) चक्रमा योगदान पुऱ्याउने बताइएको छ । प्रतिवेदन काठमाडौंमा १४ जुलाई २०२५ मा युवालयद्वारा आयोजित राष्ट्रिय प्रमाणीकरण कार्यशाला सहभागी नागरिक समाज, विकास साझेदार र विशेषज्ञको छलफलमा अन्तिमरूप दिइएको थियो ।

उक्त प्रतिवेदन राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगर, राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँ, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रतिनिधिसामु प्रतिवेदनका सिफारिस प्रस्तुत गरिएको संस्थाका कार्यकारी निर्देशक सञ्जीव अधिकारीले जानकारी दिए ।

प्रतिवेदनमा नेपालको नीति र मानवअधिकार दायित्वहरूको मूल्यांकन गर्नुका साथै बालबालिकाको शिक्षा, संरक्षण, स्वास्थ्य, स्वच्छ वातावरण र सहभागिताको अधिकारलगायत विषयवस्तु समेटिएको छ । प्रतिवेदनमा संकटकालीन शिक्षा, दुर्गम क्षेत्रमा बलियो बाल संरक्षण प्रणाली, विस्थापित बालबालिकाको भर्ना, पोषणका लागि स्कुल बगैँचा र जलवायु परिवर्तनको प्रभाव सामना गर्न बालबालिकाको उत्थानशीलता अभिवृद्धि गर्नका लागि क्षमतावृद्धिसम्बन्धी पहलजस्ता बुँदा समेटिएको छ ।

मिश्रित अध्ययन विधि अपनाएर तयार गरिएको प्रतिवेदनमा नेपालको युपीआर तेस्रो चक्र (२०२१) को प्रतिवेदन र सम्बन्धित दस्तावेजहरूको समीक्षा गरिएको पनि निर्देशक अधिकारीले जानकारी दिए । प्रतिवेदन राष्ट्रिय परामर्श, प्रमाणीकरण कार्यशाला, बालबालिकासँगको छलफल, अन्तर्वार्ताका आधारमा प्राथमिक तथ्यांक संकलन गरी तयार गरिएको छ ।

त्यस्तै युवालयले ६८ संघ संस्थासँगको सहकार्यमा ५१औं सत्र (जनवरी-फेब्रुअरी २०२६) का लागि युवा-नेतृत्वको युपिआ प्रतिवेदन पनि पेस गरेको छ । प्रतिवेदनमा प्लान इन्टरनेसनल नेपाल र आइएम स्वीडिस डेभलपमेन्ट पार्टनरको सहयोगमा सातवटै प्रदेशका १८ देखि ३५ वर्षका २७९ युवाका आवाज समेटिएको छ ।

प्रादेशिक परामर्श, युवा, सरकार र राजनीतिक दलका नेतासँगको छलफल र युवा महिलाहरूले आवाज समेटिएको प्रतिवेदनले रोजगारी, स्वास्थ्य, शिक्षा, अर्थपूर्ण युवा सहभागिता, जलवायु परिवर्तन, समानता र डिजिटल प्रविधिका अधिकारलाई समेट्ने संस्थाको बुझाइ छ ।

दुवै प्रतिवेदनले नेपाल सरकारलाई बालबालिका र युवा-केन्द्रित नीति तथा सबै तहमा अर्थपूर्ण युवा सहभागितालाई प्राथमिकता दिई जवाफदेहिता र समतामूलक विकास सुनिश्चित गर्न आग्रहसमेत गरेको छ ।



**विष्णुमती सरसफाइ** | टोखा नगरपालिकाले हरेक हप्ताको शनिबार गर्ने खोला सरसफाइ कार्यक्रमअन्तर्गत टोखा–८ स्थित विष्णुमती खोलामा सरसफाइ गर्दै ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

# ६४ हजारले लिए कामपाको निःशुल्क कानुनी सेवा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाबाट निःशुल्क कानुनी परामर्श सेवा लिनेको संख्या ६४ हजार पुगेको छ । २०७९ माघ १७ गते नेपाल ल क्याम्पससँग सहकार्य सम्झौता गरी कामपाले सुरु गरेको उक्त सेवा लिनेको संख्या हालसम्म ६४ हजार पुगेको कामपाकी उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

उपप्रमुख डंगोलका अनुसार उक्त सेवा प्रदान गर्नुअघि कानुनी सेवा लिने अत्यन्तै कम थिए । कानुनी प्रक्रियामा जानकै लागि झण्झटिलो खर्च लाग्ने भएपछि नागरिकहरू सेवा दिनबाट वञ्चित हुनुपरेको थियो । अहिले निःशुल्क प्रदान गरिने सेवा लिन वडा कार्यालयमा भीड हुने गरेको छ ।

उनले भनिन्, 'लिखतको ढाँचा, त्यसमा प्रयोग हुने शब्द, भाषा, वाक्य र ब्यहोरा शिष्ट, सभ्य, मर्यादित र कानुनमा तोकेबमोजिम बनाउनुपर्ने सहजकर्ताको मुख्य काम हो । कानुनी लिखतहरूको मस्यौदा गर्दा सेवाग्राहीसँग रहेको कागज प्रमाण, उनले व्यक्त गरेको तथ्यगत व्यहोरा र सबुदको मूल्यांकन गर्ने, प्रचलित संघीय, प्रदेश र कामपाबाट जारी गरिएका कानुनी प्रबन्धहरूसँग पछिसम्म फरक नपर्ने कुराको यकीन गर्नु अर्को काम हो ।'

सेवा उपलब्ध गराउनका आएका विद्यार्थीलाई १६ बुँदे कार्य विवरणपत्र दिइएको छ । सोही विवरणको आधारमा सेवा प्रदान गरिएको छ । त्यसका लागि क्याम्पसबाट आएका स्नातक र स्नातकोत्तर तहका ५० जना विद्यार्थी छनोट भएका छन् । तीमध्ये हरेक वडामा एक जनाका दरले ३२ जना र केन्द्रमा तीन जना विद्यार्थी परिचालन गरिएको छ ।

सेवा प्रदान गर्ने हरेक वडामा निःशुल्क कानुनी परामर्श सेवा कक्ष स्थापना छ । कक्ष सञ्चालनमा आवश्यक टेबल कुर्सी, सेवाग्राही बस्ने ठाउँ, आवश्यक शैक्षिक सामग्री वडाले व्यवस्था गरेको छ । सेवाग्राहीको तर्फबाट पेस गर्नुपर्ने निवेदन, उजुरी, फिरादपत्र, प्रतिउत्तर पत्र, लिखित जवाफ, मिलापत्रको मस्यौदा गर्ने, कानुनी व्यवस्थाको मौखिक वा लिखित जानकारी दिनु कानुनी सहजकर्ताको मुख्य काम हो ।

त्यसैगरी वडा तहमा सञ्चालन हुने मेलमिलाप केन्द्र र वडा महिला सञ्चालनमा आवश्यक सहयोग गर्ने, जनप्रतिनिधि वा वडा सचिवले तोकेका अन्य कार्यक्रममा सहभागिता जनाउने सहयोग गर्ने विद्यार्थीका मुख्य काम रहेको छ ।

# संक्रमणकालीन न्यायको ऐनअनुसार नियमावली शीघ्र बन्दै




■ कालिका खड्का

**काठमाडौं–** कानुन, न्याय तथा संसदीय मन्त्रालयले संक्रमणकालीन न्यायसम्बन्धी ऐनअनुसार नियमावलीको चाँडै तयार गर्ने भएको छ । संक्रमणकालीन न्यायसम्बन्धी सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी सिफारिस भइसकेका छन् तर ऐनअनुसार नियमावली बन्न नसक्दा काम अघि बढ्न सकेको थिएन ।

'संक्रमणकालीन न्यायको प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनका लागि सरकारले निरन्तर काम गरिरहेको छ,' कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले भने, 'ऐनअनुसार नियमावली बनाउने कामलाई तीव्रता दिएका छौं ।'

बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१ कार्यान्वयनमा आइसकेको छ । दुवै आयोगमा पदाधिकारी आएर काम समेत सुरू गरिसकेका छन् । ऐनमा भएका संशोधनबमोजिम बनाउनुपर्ने नियमावलीहरूको मस्यौदा तयार भइरहेका मन्त्री चौरसियाको भनाइ छ । कानुन मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ मा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१, विधायन ऐन, २०८१ र जिल्ला अदालत (तेस्रो संशोधन) नियमावली, २०८१ तर्जुमा भई जारी गरिसकेको छ ।

मन्त्रालयले विभिन्न मन्त्रालयका १९ वटा विधेयकको अवधारणापत्रमा सैद्धान्तिक सहमति, १७ वटा विधेयकको मस्यौदामा तर्जुमा सहमति, १३ वटा ऐनमा संशोधन गर्न तर्जुमा सहमति प्रदान गरेको छ ।

त्यस्तै, छ वटा अध्यादेशमा तर्जुमा सहमति, १३ वटा नयाँ नियमावलीमा तर्जुमा सहमति, २३ वटा नियमावलीमा संशोधन गर्न तर्जुमा सहमति प्रदान गरेको छ । त्यसैगरी १० वटा गठन आदेश, पाँच वटा निर्देशिका, चार वटा कार्यविधि, चार वटा मापदण्ड र दुई वटा विनियमावली (नयाँ संशोधन)मा तर्जुमा सहमति प्रदान गरिएको छ ।

कानुन तर्जुमालाई थप वस्तुनिष्ठ र प्रभावकारी बनाउन नेपालको कानुन तर्जुमा प्रवृत्ति विश्लेषणसम्बन्धी अध्ययन गरी त्यसको प्रतिवेदन तयार पारेको छ । 'कानुन मन्त्रालयले कानुन तर्जुमा गर्ने क्रममा अन्तर्राष्ट्रिय सन्धि/सम्झौताको राय प्रदान गर्ने गरेको छ,' कानुनमन्त्री चौरसियाले भने, 'कानुनी राय परामर्श प्रदान, स्थानीय तहका न्यायिक समितिको न्याय सम्पादनसम्बन्धी क्षमता अभिवृद्धि, गाउँसभा र नगरसभाका पदाधिकारी एवं कर्मचारीको कानुन तर्जुमासम्बन्धी क्षमता अभिवृद्धि र आमनागरिकमा कानुनी सचेतना अभिवृद्धि गर्ने काम भएको छ ।'

> बेपत्ता पारिएको व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१ कार्यान्वयनमा आइसकेको छ । दुवै आयोगमा पदाधिकारी आएर काम समेत सुरु गरिसकेका छन् । ऐनमा भएका संशोधनबमोजिम बनाउनुपर्ने नियमावलीहरूको मस्यौदा तयार भइरहेको छ ।

यस मन्त्रालयबाट तर्जुमा गरिएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० संसद्बाट पारित भई प्रमाणीकरणको चरणमा रहेको छ । नेपाल कानुन व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिमा दफावार छलफलका क्रममा रहेको छ ।

मन्त्रालयले तर्जुमा भएको मेलमिलापसम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक, मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, मुलुकी देवानी (पहिलो संशोधन) संहिता, २०८२, मुलुकी देवानी कार्यविधि (पहिलो संशोधन) संहिता, २०८२ विधेयक मन्त्रिपरिषद्समक्ष पेस गर्ने भएको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, निःशुल्क कानुनी सहायतासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र नेपाल कानुन व्याख्यासम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गरी मन्त्रिपरिषद्मा पेस गर्ने तयारीसमेत मन्त्रालयले गरिरहेको छ ।

कानुन मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गरिने २५९ वटा सूचना सम्पादन गरी प्रकाशनका लागि मुद्रण विभाग पठाइएको छ । द्विपक्षीय, बहुपक्षीय सम्झौता, दातृ संस्थासँग सम्पन्न गरिने सम्झौताको १०२ वटा मस्यौदामा राय प्रदान गरेको तथा १२ वटा अन्तर्राष्ट्रिय सम्झौतामा कानुनी राय प्रदान गरिएको छ भने अन्तर्राष्ट्रिय कानुनबमोजिम नेपालले पूरा गर्नुपर्ने दायित्वसम्बन्धी देहायका चारवटा विषयमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ ।

'असमर्थ पक्षलाई कानुनी सहायता उपलब्ध गराउन ७४ वटा जिल्लामा कानुनी सहायता अधिकारी नियुक्त गरेका छौं,' मन्त्री चौरसियाले भने, 'बाँकी रहेका तीन वटा जिल्लामासमेत कानुनी सहायता अधिकारी नियुक्ति गर्ने तयारी रहेका छौं ।' पारस्परिक कानुनी सहायतातर्फ विभिन्न अनुसन्धान गर्ने निकायबाट विदेशी राज्यसमक्ष पारस्पारिक कानुनी सहायता पठाइदिनका लागि प्राप्त दुईवटा विषयको अनुरोधका सम्बन्धमा सोअनुसार काम सम्पन्न भएको तथा नौ वटामा कारबाही चलिरहेको छ ।

पारस्परिक कानुनी सहायता र सुपुर्दगी सम्बन्धमा विभिन्न राष्ट्रसँग द्विपक्षीय सन्धि गर्ने कार्य सम्बन्धमा मिति २०८१ माघ २४ को निर्णयानुसार विभिन्न विदेशी राज्यहरू समक्ष प्रस्ताव गर्नका लागि मस्यौदा तयार भई सो मस्यौदा राय र सुझावका लागि परराष्ट्र, अर्थ तथा गृह मन्त्रालय पठाइएको उक्त मन्त्रालयका प्रवक्ता कोमलबहादुर खत्रीले जानकारी दिए ।

न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धिसँग सम्बन्धित १८ वटा तालिम कार्यक्रम सम्पन्न गरिएको र स्थानीय तहको कानुन निर्माणलाई प्रभावकारी बनाउन गाउँसभा, नगरसभामा कानुन तर्जुमासम्बन्धी २३ वटा अभिमुखीकरण तालिम गरेको मन्त्रालयले जनाएको छ । आमनागरिकलाई कानुनी सचेतना अभिवृद्धि गर्न रेडियो नेपालबाट हरेक महिनाको पहिलो, तेस्रो र पाँचौं बुधबार बिहान 'कानुनका कुरा' नामक २२ वटा कार्यक्रम प्रसारण गरी कानुनविद्हरूद्वारा कानुनी सचेतना प्रदान गरिएको छ ।

आमसर्वसाधारणसम्म कानुनको सहज पहुँच पुऱ्याउन दक्षिण कोरियाको कानुन निर्माण मन्त्रालयको सहयोगमा कानुन सूचना प्रणालीको विकास गर्न पाइलट प्रोजेक्ट स्वीकृत भई यस वर्षदेखि काम सुरू हुने भएको छ । सर्वोच्च अदालतबाट आर्थिक वर्ष (२०७९/८०-२०८१/८२) कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित आदेशबमोजिम बनाउनुपर्ने कानुनको पहिचानसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता खत्रीले भने, 'विधायन ऐन, २०८१ को दफा ३ बमोजिम यस वर्ष नेपाल सरकारको तर्फबाट १२१ वटा विधेयकहरू तर्जुमा गर्नेगरी प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यतालिकासहित संघीय संसद्मा पेस गरिसकिएको छ ।' आव २०८१/८२ मा मन्त्रालयको कूल बजेटको पुँजीगततर्फ ८४.९५ प्रतिशत र चालुतर्फ ८०.८९ प्रतिशत वित्तीय प्रगति भएकोसमेत मन्त्रालयले जनाएको छ । *रासस*


## पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.

PMCL

मूख्य कार्यालयः ल.पु.म.न.पा. वडा नं.-१९, कुमारीपाटी
फोन नं.: ०१-५४०८५८५, ०१-५४०८५८६, ५४३२७१८

**पञ्चशील सदस्य सेवा केन्द्रहरू**

चापागाउँ, फोन नं. ०१-५२६५४७१, सरस्वतीनगर, काठमाडौं, फोन नं. ०१-४८१३४४७,
कोटेश्वर, काठमाडौं फोन नं. ०१-४६१०६१७, ४६१०१०७, न्युरोड, काठमाडौं फोन नं. ०१-५३५५४०८, भक्तपुर, सूर्यविनायक फोन नं. ०१-६६१५६४७

### कर्जा चुक्ता/भुक्तान तथा धितो लिलाम बारेको ७ दिने सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/04/04 गते, आइतबार**

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसिलमा उल्लेखित कर्जा सदस्यहरूले प्राप्त गरेको कर्जाको संस्थालाई तिर्ने/बुझाउने साँवा, व्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न यस संस्थाबाट पटक पटक लिखित एवम् मौखिक जानकारी गराई ३५ (पैतीस) दिने र २१ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आलटाल गरि कर्जा चुक्ता भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले कर्जा सदस्यहरूलाई कर्जा चुक्ता भुक्तानी गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो लिलामीको लागि यो **७ (सात) दिने सार्वजनिक सूचना** जारी गरिएको छ । उल्लेखित मितिभित्र कर्जा सदस्यले उपभोग गरेको कर्जाको सम्पूर्ण साँवा व्याज तथा हर्जना समेत संस्थामा दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने क्रममा यस संस्थालाई लेखिदिएको तपसिलमा उल्लेखित विवरण रहेको सम्पत्ति लिलाम बिक्री गरी तथा कर्जा लिदा संस्थालाई गरिदिएको लिखत तमसुक, शर्त, कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरी संस्थाको साँवा, ब्याज, हर्जना तथा असुली, कारबाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित पक्षलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कर्जा चुक्ता नगर्ने शेयर सदस्यहरूको संस्थामा धितो रहेको सम्पत्ति सकार गरिलिन ईच्छुक महानुभावहरूले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा प्रचलित कानून बमोजिम संस्थाको लेना रकम असूल उपर गर्न लिलाम बिक्रीमा राखेको तपसिलमा उल्लेखित अचल सम्पत्ति डाकबढाबढ, लिलाम बढाबढ गरी लिन इच्छुक व्यक्तिगत जमानी दिने तथा अन्य महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ७औं दिन तोकिएको समयभित्र यस संस्थाको मूख्य कार्यालय ल.म.न.पा.१९, कुमारीपाटीमा उपस्थित भई निम्न शर्तहरूको अधिनमा रही आफूले सकार गरी लिन चाहेको व्यहोरा खुलाई निवेदन गर्नुहुन सबैमा सूचित गरिन्छ । प्राप्त निवेदनका आधारमा संस्थाको कार्यालयमा ८औं दिन वा सो दिन सरकारी कार्यालय तथा सहकारी कार्यालय बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन अपरान्ह ४:०० बजे डाक बढाबढ कार्यक्रम रहने हुँदा निवेदन दाता, सम्बन्धित कर्जा सदस्य तथा धन जमानी दिने सम्पूर्ण सदस्यहरु समेत उपस्थितका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र. सं. | कर्जा लिने सदस्यको नाम, ठेगाना | कर्जा लिने सदस्य तथा जमानीको फोटो | धितोमा रहेको अचल सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **कर्जा लिने सदस्य** : क्षितिज उपाध्याय ढुंगेल<br>**बाजे** : लिला वल्लभ उपाध्याय<br>**पिता** : लक्ष्मण प्रसाद उपाध्याय<br>**ठेगाना** : काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा नं. १५, जोरपाटी, काठमाडौं |  | श्री किरातेश्वर टि. गार्डेन प्रा.लि.को नाममा मालपोत कार्यालय धनकुटा, मा दर्ता श्रेष्ता कायम रहेको धनकुटा जिल्ला, साविक भिरगाउँ गा.वि.स./न.पा.वडा नं.१ को कि.नं.३४८, क्षेत्रफल १४-११-०-० को जग्गा र धनकुटा जिल्ला, साविक निगाले गा.वि.स/न.पा.को वडा नं.३ को कि.नं.१५९५ को क्षेत्रफल २८-०-०-० को जग्गा र सो जग्गाहरूमा बनेको घर तथा उक्त घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २. | **व्यक्तिगत जमानीकर्ता**<br>**जमानीकर्ता** : बानोदिता आचार्य<br>**ठेगाना** : काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा नं.१५, जोरपाटी, काठमाडौं |  | |

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तिले आफूले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको बैंक खातामा नगद जम्मा गरेको भौचर धरौटी वापत तुरून्त यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझी नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम प्रस्तावक व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
४. तोकिएको लिलामको दिन सहकारी बिदा परेमा वा सरकारी बिदा परेमा त्यसको लगत्तै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन डाक बढाबढ हुनेछ ।
५. डाक बढाबढ गर्दा सबै भन्दा बढी अंक पेश गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ ।
६. लिलाम बिक्री हुने धितो (घरजग्गा) को सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरूले यस सहकारीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
७. यो सूचना प्रकाशित भएको ८औं दिन संस्थाको मुख्य कार्यालय ललितपुर म.न.पा. वडा नं. १९ कुमारीपाटीमा अपहान्न ४ बजे लिलामको डाक बढाबढ गरिनेछ ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयम्ले नै व्यहोर्नुपर्नेछ ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
१०. संस्थामा सुरक्षण स्वरूप रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाममा रहेको नेपाल राज्यभरको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।

**नोट** : लिलाम हुने मिति २०८२/०४/११ गते
**लिलाम हुने स्थान** : पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.
**मुख्य कार्यालय** : ल.पु.म.न.पा वडा नं.-१९,
**ठेगाना** : कुमारीपाटी, फोन नं. ०१-५४०८५८५, ०१-५४०८५८६, ५४३२७१८

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## ‘कर्मकाण्डी’ नबनोस् बजेट मार्गदर्शन

साउन १ बाट आर्थिक वर्षको सुरुआतसँगै नयाँ बजेटको कार्यान्वयन सुरु हुन्छ । विगतमा विभिन्न कारणले समयमा बजेट प्रस्तुत हुन नसक्दा आर्थिक वर्षको सुरुआतबाटै बजेट कार्यान्वयन गर्न नपाउने समस्याले मुलुकको अर्थतन्त्र नराम्ररी पिरोलेको थियो । तर, नयाँ संविधानमा बजेट प्रस्तुत गर्ने मिति नै तोकियो । संविधानमै जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने व्यवस्था गरिएपछि नयाँ आर्थिक वर्षको पहिलो दिनबाटै बजेट कार्यान्वयन सुरु गर्न सम्भव भएको हो । तर, आर्थिक वर्षको अन्तिममा आउने बजेट कार्यान्वयनको नतिजा भने अझै पनि निराशाजनक रहँदै आएको छ ।

त्यसो त अर्थ मन्त्रालयले बजेट कार्यान्वयनका लागि हरेक आर्थिक वर्षको सुरुमै मार्गदर्शन जारी गर्दै आएको छ । तर, त्यसको प्रभावकारी पालना सरोकारवाला मन्त्रालय र निकायहरूबाट नहुँदा नतिजामा अपेक्षाकृत सुधार आउन नसकेको अवस्था छ । अर्थमन्त्री विष्णु पौडेल नेतृत्वको अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनका लागि बिहीबार यस्तै मार्गदर्शन जारी गरेको छ । अर्थले ९५ बुँदे मार्गदर्शन कार्यान्वयनका लागि सबै विषयगत मन्त्रालय, विभाग तथा निकायलाई परिपत्र गरेको छ ।

मार्गदर्शनमा विकास आयोजनाको कामलाई तीव्रता दिन भन्दै तीन सिफ्टमा काम गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ । बजेटको अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट, आयोजनाको हस्तान्तरण तथा कार्यान्वयन, रकमान्तर तथा कार्यक्रम संशोधनलगायतका विषयमा के गर्न हुने र के गर्न नहुने भनेर स्पष्ट पारिएको छ । वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमनसम्बन्धी व्यवस्थाका लागि जिम्मेवार भएर काम गर्न पनि मन्त्रालयले परिपत्र गरेको छ ।

चालु आर्थिक वर्षको बजेटमा परेका योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि यही साउन मसान्तभित्र कार्यविधि तयार पारिसक्न भनिएको छ । त्यस्तै, आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनोट गर्ने व्यवस्था मिलाउन भनिएको छ ।

कार्यसम्झौतामा तोकिएको न्यूनतम अंक हासिल नगरेको अवस्थामाबाहेक आयोजना अवधिभर आयोजना प्रमुखको सरुवा नगर्ने गरी मापदण्ड तयार गरी कार्यान्वयन गर्न भनिएको छ । आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने पनि बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ ।

मार्गदर्शनमार्फत यस्तो निर्देशन दिनु नयाँ कुरा होइन । त्यसैले यसको पालना गराउन अर्थ स्वयंले प्रभावकारी भूमिका खेल्नुपर्ने देखिन्छ । मार्गदर्शनमा भनिएका कुराहरू कति पालना भइरहेको छ वा छैन नियमित अनुगमनको खाँचो छ । मार्गदर्शन पालनामा सरोकारवाला अधिकारीहरूलाई जिम्मेवार नबनाएसम्म अपेक्षित नतिजा नआउने निश्चित छ । त्यसकारण मार्गदर्शन विगतमा जस्तो ‘कर्मकाण्डी’मा सीमित नबनोस् ।

श्रम सरोकार

## अभिमुखीकरण तालिम किन लिने ?

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ । यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छ:

- वैदेशिक रोजगारसम्बन्धी कानुन
- यात्रापूर्वको तयारी
- यात्राको क्रममा अपनाउने प्रक्रिया
- आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
- सूचना प्रविधिको प्रयोग
- कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
- स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
- पारिश्रमिकको व्यवस्थापन
- सहयोगी निकाय र सहयोग लिने तरिका
- गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
- गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ ।

# समाजवादी चिन्तक र बहुआयामिक व्यक्तित्व बिपी



■ मनोहर कार्की

> बिपीले अघि सारेको वैचारिक मान्यता आज पर्यन्त पनि समय सान्दर्भिक छ । आजको समसामयिक परिवेशमा नेपालको आर्थिक विकास, सामाजिक परिवर्तन तथा राजनीतिक स्थायित्वका लागि बिपीको लोकतान्त्रिक समाजवादी आर्थिक नीतिबाट अनुप्राणित भएकै छ । नेपालको समृद्धि र विकासका लागि अचुक अस्त्र भनेकै गरिबी, असमानता तथा विकासका अवसरबाट वञ्चित निम्न जीवनयापन गर्दै आएका नेपाली गाउँघर तथा पाखा पहरामा जीवन संघर्ष गरी आएका जनताको आर्थिक विकास तथा सामाजिक रूपान्तरण हो । जसमा लोकतान्त्रिक सरकारले ध्यान दिनुपर्दछ ।

आदर्श र मूल्यको राजनीतिक मियो आत्मसात् गरी संस्कारित पद्धति स्थापित गर्ने उच्चकोटीका नेतामा स्व. विश्वेश्वरप्रसाद (बिपी) कोइरालाको नाम अग्रस्थानमा आउँछ । वैचारिक नेता, समाजवादी चिन्तक, समन्वयकारी राजनीतिक पहिचानसहित उच्च पंक्तिमा बिपीको नाम लिइन्छ । नेपाली कांग्रेसका आदर्श व्यक्तित्व बिपीको स्मृति दिवस आमजनमानसले विशेष संस्मरण गर्ने दिनका रूपमा लिँदै आएका छन् । उनका विचार, आदर्श र मूल्यलाई केन्द्रमा राख्ने परम्पराले निरन्तरता पाउनुपर्दछ । यस दिनलाई संस्मरणीय बनाउन विचार गोष्ठी, चिन्तन, अन्तरक्रिया, वृक्षरोपणलगायतका कार्यक्रमका साथ देशव्यापीरूपमा मनाइँदै आएको छ ।

वि.सं. २००७ सालको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलनको सफलता दिल्ली सम्झौतामा टुंगिएपछि आन्दोलनकारी शक्ति नेपाली कांग्रेस, राणाशाही पक्षीय तथा राजा त्रिभुवनका मान्छेहरू सम्मिलित त्रिपक्षीय सरकारको गठन र मुलुक सञ्चालन अघि बढ्यो । प्रजातन्त्रलाई पद्धति र परम्पराका रूपमा संस्थागत गर्ने प्रयासले निरन्तरता पाउन खोज्यो । २०१५ सालको बहुदलीय पद्धतिको आमनिर्वाचनपश्चात् नेपाली कांग्रेसले अपार बहुमत र दलका संसदीय दल नेता बिपी कोइरालाको नेतृत्वमा प्रथम जननिर्वाचित सरकारले देश विकासका बहुआयामिक कार्य उत्साहजनकरूपमा अघि बढायो । जननिर्वाचिन बिपीको सरकारले १८ महिनामा मात्र देश र जनताको हितका काम गर्न पायो ।

वि.सं. २०१७ सालको शाही कूपश्चात् अत्यन्त विषम् अवस्था मुलुकमा सिर्जना भयो । राजनीतिक शून्यता र दलीय पद्धतिको तेजोबधको अवस्था सिर्जना भयो । दलमाथिको प्रतिबन्धका साथै बिपी, गणेशमान सिंह कृष्णप्रसाद भट्टराईलगायतका शीर्ष नेताको गिरफ्तारी निरंकुश सरकारले गऱ्यो । करिब आठ वर्षको जेल जीवनपश्चात् २०२५ सालमा बिपीलगायतका शीर्ष नेताहरू भारतमा निर्वासनमा गए । भारतमा निर्वासनकाल र २०३३ पुसमा राष्ट्रिय मेलमिलाप तथा एकताको नीति लिएर बिपीलगायत कांग्रेसका शीर्ष नेताहरूको नेपाल आगमनपश्चात् मुलुकको राजनीतिले थप जटिल मोड लिँदै गयो । बि.सं. २०३६ सालको विद्यार्थी आन्दोलनको उभारले ल्याएको ऐतिहासिक जनमत संग्रहको राजनीतिक घटनाक्रमलाई महत्त्वका साथ लिइन्छ ।

राजनीतिक संस्कारको उच्च मूल्यांकनका रूपमा बिपीले जनमत संग्रहको परिणामलाई आत्मबोध गरे । बहुदल र बहुदलीय व्यवस्थाप्रति आमजनताको अपार जनमतका रूपमा उक्त जनमत संग्रह रह्यो । तत्पश्चात् करिब एक दशकको दौरानमा फेरि २०४६ सालमा ऐतिहासिक जनआन्दोलन र यसको सफलताले नेपाली माटोमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो । प्रजातन्त्र, उदारता र स्वतन्त्रताको सोपानका रूपमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको अभ्यास हामीले गऱ्यौं ।

तिनै ऐतिहासिक क्रम र परिणामको मिहीन विश्लेषण गर्ने हो भने बिपीले नितान्त मूल्य र आदर्शको राजनीतिलाई केन्द्रमा राखे । नेपाली कांग्रेस तथा नेपालको तात्कालिक राजनीतिका उहापोह तथा प्रताडनासँगै प्रजातन्त्र र यसका मूल्यको दृढताका साथ रक्षाकवचको कठिन समयमा पनि नीर्भिक र वैचारिक पैरवीका नायकका रूपमा बिपी रहे । बिपीको लौकिक जीवनको अवसानपश्चात्को समयमा नेपाली कांग्रेसलाई नेतृत्वको शून्यता र पार्टी पंक्तिमा ऊर्जा दिने कार्य गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालालगायतका नेताले गरे । तर, आजको समसामयिक राजनीतिमा कता-कता मूल्य र राजनीतिक संस्कारको खडेरी पुर्ने सत्प्रयासका जिजिविषा बचाउने प्रयास जारी राख्नु अत्यावश्यक छ ।

बिपीलाई नेपाली राजनीतिमा अग्रज समाजवादी चिन्तक तथा पथप्रदर्शकका रूपमा आमनेपाली तथा राजनीतिक वृत्तमा लिइन्छ । विश्व समाजवादी आन्दोलनमासमेत अग्रणी व्यक्तित्व थिए उनी । विश्वको राजनीतिक इतिहासमा दोस्रो विश्वयुद्धपछिको चरम शितयुद्धको समय थियो । विश्व अनुदार कम्युनिस्ट खेमा र खरो पुँजीवादी खेमामा ध्रुवीकरण भएको अवस्था थियो । यी दुवै परस्पर प्रतिस्पर्धी राजनीतिक र आर्थिक विचारधाराभन्दा पृथक विचारधारा बोकेर उदाएको उदार समाजवादी विचार हो । यस विचारको संस्थापन तथा विकासमा विश्वका अग्रज उदार समाजवादी विचारधाराको नेतृत्वकर्तामध्ये बिपी पनि थिए । तसर्थ, विचार र आस्थाको एक धरोहरका रूपमा उनलाई संस्मरण गरिन्छ ।

तात्कालिक घटनाक्रमको विश्लेषण गरिएको खण्डमा विश्व कम्युनिस्ट खेमा र पुँजीवादी खेमामा ध्रुवीकरण भएको अवस्था थियो । पुँजीवादी प्रजातान्त्रिक खेमाको नेतृत्व संयुक्त राज्य अमेरिकाले गर्दै आएको थियो भने साम्यवादी कम्युनिस्ट खेमाको नेतृत्व तात्कालिक साम्यवादी देश सोभियत संघले गरेको थियो । सारतः कुनै पनि राष्ट्र-राज्यले आफ्नो राजनीतिक विचार, आर्थिक विकास तथा सामरिक सुरक्षाका नितान्त अलग रणनीति र वैदेशिक नीतिका मान्यता बोकेका विश्वव्यापी दुई खेमाका सदस्यका रूपमा अस्तित्व रक्षा, सामरिक सुरक्षा तथा आर्थिक विकास र रूपान्तरणका यावत् कार्यका लागि प्रयत्न गर्नु स्वाभाविक र आवश्यक थियो । तेस्रो विश्वका विकासोन्मुख तथा अल्पविकसित मुलुकको अस्तित्व, सुरक्षा र आर्थिक विकाससँग सामीप्यता कायम गर्नु आवश्यक थियो । पहिचानसहितको राजनीतिक शक्ति गुटका रूपमा असंलग्न आन्दोलन अस्तित्वमा आयो र यसको औचित्यतालाई बल दिने कार्यमा नेपालको आफ्नै योगदान रह्यो ।

यस्तो विषम् तथा संवेदनशील राजनीतिक कालखण्डबाट गुज्रिरहेको अवस्थामा बिपी चरम साम्यवादी कम्युनिस्ट वैचारिक धार र खुला पुँजीवादी धारभन्दा पृथक विचार अंगीकार गरी उदार समाजवादी विचारधाराका मौलिक मूल्य र मान्यतालाई अवलम्बन गर्ने लोकतान्त्रिक समाजवादी विचार स्थापित गर्ने अभियानका लागे । आधारभूत आवश्यकताबाट वञ्चित रहेका किसान तथा मजदुर वर्गको सामाजिक, आर्थिक रूपान्तरणलाई केन्द्रमा राखेर विकास र योजनालाई अघि बढाउने दिशामा अघि बढ्ने प्रयासको थालनी गरियो । उदार समाजवादी नीतिको जगमा उभिएको आर्थिक विकास र सामाजिक रूपान्तरण कार्यक्रमलाई तात्कालिक बिपीको जनमुखी सरकारले प्राथमिकताका साथ कार्यको थालनी गऱ्यो । जननिर्वाचित बिपिको छोटो समयको सरकारले उनकै समाजवादी चिन्तन र नीतिअनुसारको राज्य व्यवस्था सञ्चालनको कार्य तथा विकासका यावत् क्रियाकलापलाई अघि बढाउन सकेको थियो । जनताबीच बिपीका आर्थिक विकासका नीतिगत कार्यक्रम तथा त्यसैको जगमा उठेको सामाजिक, सांस्कृतिक परिवर्तनका कार्यले विकासमा नयाँ बिहानीको सुरुआत गर्नसक्यो ।

लोकतान्त्रिक समाजवादको सार वर्ग समन्वयको आधार, समाजवादी चिन्तक तथा दार्शनिक मान्यता हो । वर्गीय चरित्रको विश्लेषण गर्दा हितको प्रवर्द्धनका आधार रहन्छ । वर्ग समन्वय तथा उदार आर्थिक विकासका आयाम लोकतान्त्रिक समाजवादको आधारशीला हो । तेस्रो विश्व, अतिकम विकसित वा विकासशील मुलुक जुन नाम दिए पनि अबको मार्ग समन्वयकारी राजनीतिक विचारधारा र मिहीन प्रयोग नै हो । सन्दर्भमा उदार समाजवादी राजनीतिक आर्थिक पहलले विश्वमञ्चमा जनमत सिर्जना र अनुमोदन पाइआएको छ । गरिबी, अशिक्षा तथा विकासका समग्र सामाजिक आर्थिक रूपान्तरणका दिशामा लोकतान्त्रिक समाजवादी विचार निकै हदसम्म सकारात्मक दिशातर्फ उन्मुख छ । उदार समाजवादी विचारका नीति तथा कार्यक्रमले जनताको आर्थिक उत्थान, सामाजिक रूपान्तरण र विकासमा योगदान दिँदै आएको छ ।

समाजवादी आर्थिक नीतिलाई वकालत गर्ने अग्रणी सरकार प्रमुखका रूपमा बिपी कोइराला नै रहे । आफू प्रधानमन्त्रीका रूपमा मुलुकको कार्यकारी प्रमुख भई उनको अध्यक्षतामा बसेको योजना आयोगको बैठकमा नेपाल किसान र मजदुरको देश भएकोले जबसम्म हाम्रा किसान र मजदुरको उत्थान र विकास गर्न सकिँदैन तबसम्म यो मुलुकको विकास र राजनीतिक परिवर्तनले मूर्तता पाउन सक्दैन भन्दै विकासका योजना बनाउँदा तिनै किसान र मजदुरलाई आत्मसात् गरेर योजना बनाउन उनले निर्देश गरे ।

बिपीले अघि सारेको वैचारिक मान्यता आज पर्यन्त पनि समय सान्दर्भिक छ । आजको समसामयिक परिवेशमा नेपालको आर्थिक विकास, सामाजिक परिवर्तन तथा राजनीतिक स्थायित्वका लागि बिपीको लोकतान्त्रिक समाजवादी आर्थिक नीतिबाट अनुप्राणित भएकै छ । नेपालको समृद्धि र विकासका लागि अचुक अस्त्र भनेकै गरिबी, असमानता तथा विकासका अवसरबाट वञ्चित निम्न जीवनयापन गर्दै आएका नेपाली गाउँघर तथा पाखा पहरामा जीवन संघर्ष गरी आएका जनताको आर्थिक विकास तथा सामाजिक रूपान्तरण हो । जसमा लोकतान्त्रिक सरकारले ध्यान दिनुपर्दछ । लाग्छ, महामानव र समाजवादी चिन्तक बिपीप्रति खास संस्मरण यही हुनसक्छ ।

# ‘नेपालले लाभ लिनेगरी रूससँग कूटनीतिक सम्बन्ध बढाउनुपर्छ’



**कमलबहादुर शाह**, मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश

यही जुलाई २० मा नेपाल-रूस सम्बन्ध ७०औं वर्षमा प्रवेश गर्दै छ । दुई देशको दौत्य सम्बन्ध नयाँ चरणमा प्रवेश गर्दै गर्दा यसका विभिन्न आयामबारे बहस पनि चलिरहेको छ । के नेपाल-रूस सम्बन्ध सोभियतकालको जस्तो बन्न सक्दैन ? रूसले नेपाललाई गरिरहेको सहयोग, नेपालको अपेक्षा र कूटनीतिक सम्बन्ध विस्तारमा नयाँ आयाम थप्न सकिन्न ? यी र यस्तै विषयमा सुदूरपश्चिम प्रदेशका **मुख्यमन्त्री कमलबहादुर शाह**सँग *प्रभाव*ले गरेको कुराकानी:

**नेपाल-रुसबीच कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्ष प्रवेश गर्दै छ । तत्कालीन सोभियत संघदेखि आजसम्म आइपुग्दा दुई देशको सम्बन्ध, सहयोग र कूटनीतिक मामलालाई कसरी लिनुहुन्छ ?**

दुई मुलुकबीचको कूटनीतिक सम्बन्ध ७० वर्षमा प्रवेश गर्नु आफैंमा सुखद् अनि ऐतिहासिक कुरा हो । नेपाल-रुस सम्बन्ध नवीनतम् र आधुनिक युगअनुसार अघि बढोस्, मेरो शुभकामना पनि छ । सुरुआतदेखि हालसम्म दुवै देशको सम्बन्ध सुमधुर रहेको तर, पछिल्लो समय केही उतारचढावहरू देखिएका छन् । यस्ता विषयलाई दुई देशले कूटनीतिक माध्यमबाट समाधानको बाटो निकाल्ने र विश्वशान्तिको कामना गर्दै नयाँ सुरुआत गर्नुपर्ने आवश्यकता छ । विगतमा रुसबाट नेपालको आर्थिक, सामाजिक र मानवीय विकासमा उल्लेख्य सहयोग रहेको र अब पनि यस्ता सहयोगको स्वाभाविक अपेक्षा त हुने नै भयो ।

**कुनै बेला रुस नेपालका लागि ठूलो सहयोगी थियो । शिक्षादेखि पूर्वाधार निर्माणसम्म रुसको योगदान स्मरणीय नै छ । तर, अहिलेको रुससँग नेपालको सम्बन्धमा केही शिथिलता आएको जस्तो देखिन्छ । यस्तो किन भएको होला ?**

ठ्याक्कै दुई देशबीचको सम्बन्धमा शिथिलता नै आएको त भन्न अलिक नसुहाउला, तर परिवेशअनुसार अघि नबढेको भने पक्का हो । नेपालले प्राप्त गर्ने वैदेशिक सहायताको पछिल्लो प्रवृत्ति हेर्दा नेपालले शिक्षा, मानव स्वास्थ्य, गरिबी निवारणलगायत सामाजिक विकासका क्षेत्रमा सुधार गरेपछि वैदेशिक अनुदान घट्दै आएको देखिन्छ । यद्यपि, रुसबाट प्राप्त हुने सहयोग-अनुदानमा पनि यस्तै ट्रेण्ड देखिएको मात्र हुनसक्छ ।

**नेपाली कांग्रेस रुससँगको कूटनीतिक सम्बन्धलाई कसरी लिन्छ ? र, यो सम्बन्धलाई विस्तार गर्ने विषयमा कांग्रेसको कस्तो धारणा राख्छ ?**

नेपाल सरकारको परराष्ट्र नीति असंलग्न र पञ्चशीलको सिद्धान्तमा आधारित छ । नेपाली कांग्रेसले पनि यसै सिद्धान्तलाई आत्मसात् गरी वैदेशिक/परराष्ट्र सम्बन्धको धारणा बनाउँदछ । राष्ट्रिय हित सुनिश्चित गर्दै द्विपक्षीय लाभ र सहकार्यका लागि नेपाली कांग्रेस रुसलगायत सबै मुलुकसँग परराष्ट्र सम्बन्ध विस्तार र कायम राख्नुपर्दछ भन्ने दृढ मान्यता राख्दछ ।

**नेपाली युवाहरू रुसको पक्षबाट युद्धमा सरिक हुनेदेखि युक्रेनको कब्जामा पर्ने किसिमका विषय नेपालमा निकै चर्चा भयो । रसियन कूटनीतिक नियोगले रुस सरकारको यसमा कुनै किसिमको हात नरहेको भनिरहेको सुनिन्छ । यसमा नेपाली कांग्रेसको धारणा के हो ?**

नेपाली युवाहरू रुस-युक्रेन युद्धमा प्रयोग भएको विषयमा सरकारले रुसी पक्षसँग गम्भीरतापूर्वक कुरा राखेको र समाधानका लागि रुसी पक्षबाट पनि सकारात्मक पहल भएको जानकारी पाएको छु । यस समस्या समाधानका लागि नेपाल सरकारले युवाहरूको वैदेशिक रोजगारीका विषयहरूलाई कानुनी र कूटनीतिक पहलबाट सुधार गर्ने विश्वास पनि लिएको छु ।

**रुस-नेपालको सम्बन्धलाई थप नयाँ उचाइमा लैजानका निम्ति नेपाली पक्षले लिनुपर्ने कूटनीतिक पहल कस्तो हुनुपर्ला ? अहिले तपाईंको पार्टीले नै परराष्ट्र मन्त्रालयको नेतृत्व गरिरहेका समय कूटनीतिक सम्बन्ध विस्तारमा कस्ता पहलहरू भइरहेको देख्नुहुन्छ ?**

रुस-नेपालबीच संवादलाई थप सुदृढीकरणका लागि नेपालको असंलग्न परराष्ट्र नीति र शान्तिप्रिय मुलुकको छविसमेतलाई ध्यानमा राखेर भू-राजनीतिक सन्तुलन कायम राख्न सक्नुपर्दछ । नेपालले रुससँग आर्थिक-सामाजिक विकास, अति गरिब मुलुकबाट स्तरोन्नति हुने लक्ष्य, दिगो विकासका लक्ष्य हासिल गर्न आर्थिक विकास र अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका क्षेत्रमा सहकार्य गर्ने, सौविद्य-प्राप्त बजारका लागि वार्ता गर्नेलगायतका कूटनीतिक पहलमा बढी केन्द्रित हुनुपर्दछ ।

**अन्त्यमा, यही जुलाई २० मा नेपाल-रुस सम्बन्धको कूटनीतिक सम्बन्ध औपचारिकरूपमा स्थापना भएको ७०औं वर्ष पुग्न लागेको छ, यस अवसरमा दुई देशको सम्बन्धका आयामलाई थप परिस्कृत बनाउन कति सम्भव छ ?**

दुवै देशले जलवायु परिवर्तनका क्षेत्रमा सहकार्य गर्ने, हाम्रो मुलुक एलडिसी ग्राजुएसनमा रुसको सहकार्य, राम्रो अर्थतन्त्रलाई उदीयमान अर्थतन्त्रको रूपमा विकास गर्न रुसको विकासका अनुभव र मोडलबाट सिकाइ हासिल गर्ने, हाम्रो मुलुक पूर्वाधारमा सुरुङ युगको प्रारम्भ भएको र रुसको त्यसमा लामो अनुभव रहेको सन्दर्भमा सीप, प्रविधि र अनुभव हस्तान्तरणजस्ता थुप्रै अवसर छन् । यस्ता अवसरबाट नेपालले लाभ लिन सक्नेगरी रुससँगको कूटनीतिक सम्बन्धलाई नयाँ उचाइमा पुयाउनुपर्दछ ।



साइकलयात्रा | दाङ साइकल सिटीको आयोजनामा शनिबार घोराहीमा सम्पन्न कोरा साइक्लिङ कार्यक्रममा सहभागिता जनाउँदै साइकलयात्रीहरू । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

# हिउँ चितुवापीडितलाई राहत वितरण

**मुस्ताङ (प्रस)–** राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), इलाका संरक्षण कार्यालय लोमान्थाङले उपल्लो मुस्ताङका हिउँ चितुवापीडित पशुपालक किसानलाई राहत वितरण गरेको छ ।

एक्याप लोमान्थाङले आर्थिक वर्ष २०८१/८२ मा उपल्लो मुस्ताङमा हिउँ चितुवाको आक्रमणबाट पीडित किसानलाई राहत वितरण गरेको जनाएको छ । उपल्लो मुस्ताङमा हिउँ चितुवाको आक्रमणबाट क्षति भएका १२५ वटा पशुचौपायाको राहतस्वरूप ११ लाख ३५ हजार रूपैयाँ भुक्तानी गरिएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिए । हिउँ चितुवाको आक्रमणबाट क्षति भएको पशुधनको ४३ प्रतिशतमात्रै राहत भुक्तानी गरिएको छ । अझै २६ लाख ९४ हजार रूपैयाँ अर्थात् ५७ प्रतिशत राहत रकम वितरण गर्न बाँकी छ ।

उपल्लो मुस्ताङमा आर्थिक वर्ष २०८०/८१ मा २२ पशुधन क्षति भएको र राहतस्वरूप चार लाख १८ हजार रूपैयाँ र आर्थिक वर्ष २०८१/८२ मा क्षति भएको १०३ पशुधनको राहत २२ लाख ७६ हजार रूपैयाँ वितरण गर्न बाँकी रहेको एक्याप लोमान्थाङको भनाइ छ । कार्यालय प्रमुख पौडेलले कार्यालयको पटक-पटक गरेका ताकेताले पनि उक्त रकम हिउँ चितुवापीडित किसानलाई राहत उपलब्ध गराउनेगरी समुदायलाई हस्तान्तरण गरिएको बताए । उनले वन्यजन्तुबाट क्षति भएका अन्य पशुधनको पनि केही महिनाभित्रै भुक्तानी उपलब्ध गराउनेगरी कार्यालयबाट पहल भइरहेको बताए ।

एक्यापले हिउँ चितुवापीडित पशुपालक किसानलाई चालु आर्थिक वर्षदेखि वन्यजन्तुबाट क्षति भएका किसानलाई लक्षित गरी मानव वन्यजन्तु द्वन्द्व (कोष) स्थापना गर्ने तयारी गरेको कार्यालय प्रमुख पौडेलको भनाइ छ । 'एक्याप आफैंले मानव वन्यजन्तु द्वन्द्व कोष स्थापना गर्न लागेको छ, सरकारले तत्कालै राहत उपलब्ध गराउन नसके पनि वन्यजन्तुपीडित किसान छिटोछरितो राहत उपलब्ध गराउन कोष स्थापना हुन लागेको हो,' उनले भने ।

सरकारले वन्यजन्तु क्षति निर्देशिका, २०८० बमोजिम पशुधन क्षति बेहोर्न बाध्य पीडित किसानलाई तोकिएको मापदण्डमा रहेर राहत उपलब्ध गराउने गरेको छ । उक्त राहत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग हुँदै एक्यापमार्फत राहत उपलब्ध गराउने गरेको कार्यालय प्रमुख पौडेलले बताए । वन्यजन्तु क्षति निर्देशिकाअनुसार भेडाच्यांग्रा क्षति भएका किसानलाई बढीमा प्रतिपशुधन १० हजार रूपैयाँ र प्रतिघोडा ६० हजार रूपैयाँसम्म राहत दिने गरेको उनको भनाइ छ ।

एक्यापको मातहत रहेको मुस्ताङमा वन्यजन्तु र मानवबीचको द्वन्द्वले यहाँका पशुपालक तथा किसान आहत बन्दै जान थालेका छन् । उपल्लो मुस्ताङमा हिउँ चितुवा र तल्लो मुस्ताङमा कालो भालु आदिका कारण किसान पीडित बनेका हुन् ।

उच्च लेकमा चरन क्षेत्रमा वन्यजन्तुको आहारको अभावका कारण वन्यजन्तु बस्ती नजिक आउन थालेपछि यो समस्या देखिएको हो । वन्यजन्तुपीडितलाई एक्यापले विभिन्न प्रक्रिया पूरा गरी वन्यजन्तु क्षतिको राहत उपलब्ध गराउँदै आइरहेको छ ।

# जडीबुटीका बिरूवासँगै तालिम दिँदै वनस्पति अनुसन्धान केन्द्र

**कैलाली–** वनस्पति अनुसन्धान केन्द्र कैलालीअन्तर्गत रहेको देवहरिया वनस्पति उद्यान धनगढीले किसानलाई जडीबुटीका बिरुवा वितरणसँगै तालिम पनि दिएको छ ।

व्यावसायिकरूपमा जडीबुटी खेती गर्न इच्छुक किसान तथा व्यक्तिगत प्रयोजनको लागि बिरुवा रोप्ने व्यक्तिलाई आर्थिक वर्ष २०८१/८२ मा ८१ हजार २४२ वटा विभिन्न प्रजातिका जडीबुटीका बिरुवा वितरण गरेको वनस्पति अनुसन्धान केन्द्र कार्यालयका प्रमुख गंगादत्त भट्टले जानकारी दिए । जसमा चिउरी, नीम, तेजपात, शितल चिनी, कुरिलोलगायत बोटबिरुवा रहेका छन् ।



अनुसन्धान केन्द्रले वार्षिक ५० हजार विभिन्न प्रजातिका जडीबुटीका बिरुवा उत्पादन गर्ने लक्ष्य भए पनि लक्ष्यभन्दा बढी बिरुवा वितरण गरिरहेको उनको भनाइ छ । केन्द्रले मापदण्ड बनाएर प्रत्येक आर्थिक वर्षमा जडीबुटीका बिरुवा वितरण गर्दै आएको छ भने प्रदेशमा जडीबुटी खेती विस्तारसम्बन्धी तालिम दिँदै आएको छ ।

गत आर्थिक वर्षमा कैलालीको चुरे गाउँपालिका–३ मा २९ जना र वडा नं ४ को गर्भामा २५ जना गरी जम्मा ५४ जनालाई जडीबुटी खेतीसम्बन्धी तालिम दिइएको कार्यालय प्रमुख भट्टले जानकारी दिए । त्यस्तै कैलाली र कञ्चनपुरका पाँचवटा जडीबुटी समूह सहकारीहरूलाई तालिम दिएको छ ।

तालिम दिने क्षेत्रमा पाइने जडीबुटीको अवस्था के छ, खेती गर्न सकिन्छ कि सकिँदैन, त्यसको सम्भावना के छ, माटोको उर्वराशक्ति कस्तो छ, अध्ययन गरी पहिचान गरेरमात्रै तालिमको तय हुने गरेको उनले बताए । कार्यालयले अघिल्लो आव २०८०/८१ मा बाजुराको बूढीगंगा र अछामको मेल्लेखमा त्यहाँ उत्पादन हुने जडीबुटीको पहिचान गरी ६० जनालाई जडीबुटी खेती विस्तारसम्बन्धी तालिम दिएको थियो । यी क्षेत्रमा रिठ्ठा उत्पादन हुने गरेको र अछामको रामारोशनमा सतुवा, डालेचुक उत्पादन हुन्छ सोहीलाई आधार बनाएर तालिम दिने गरिएको छ ।

गत आवमा करिब १० हजार चिउरीका बिरुवा उत्पादन गरिएकोमा त्यसमध्ये सात हजार ९०० बिरुवा वितरण गरी चुरे क्षेत्रका सामुदायिक वनमा रोपी सकेको उनले बताए । चिउरीको फूल माहुरीका लागि लाभदायिक हुन्छ भने यसको दानाबाट घिउ उत्पादन गर्न सकिन्छ । जडीबुटी खेती गर्ने समूह सहकारीलाई अनुसन्धान केन्द्रले अनुदानको व्यवस्था पनि गर्दै आएको कार्यालय प्रमुख भट्टले बताए ।

प्राकृतिक हराभरा भएको वनस्पति अनुसन्धान केन्द्रअन्तर्गत देवहरिया वनस्पति उद्यान १४९.५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यसभित्र जखौर, मुरफुट्टा र मुरफुट्टी गरी तीनवटा प्राकृतिक ताल रहेका छन् । पर्यटक, पर्यावरणीय हिसाबले यो उद्यानको छुट्टै महत्त्व छ । *रासस*

## छाउपडी प्रथाविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न निर्देशन

**कैलाली (प्रस)–** सुदूरपश्चिम प्रदेश सरकारले सामाजिक कूरीतिविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न प्रदेशभित्रका सबै स्थानीय तह र जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ ।

शनिबार धनगढीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न बैठकले केही दिनअघि कञ्चनपुरको कृष्णपुर नगरपालिका-१, निगालीमा छाउगोठमा सुतेको अवस्थामा सर्पदंशबाट एक जना महिलाको मृत्यु भएको घटनासमेतको गाम्भीर्यतालाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको मुख्यमन्त्री मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

प्रदेश सरकारले छाउगोठको उन्मूलन र समाजमा देखिएका सामाजिक विभेद एवं छुवाछुतयुक्त व्यवहारको नियमनलाई थप प्रभावकारी ढंगले अगाडि बढाउने भएको छ । छाउपडी प्रथाजन्य कूरीति उन्मूलन नीति, २०७६ तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्न प्रदेश, जिल्लास्तरीय र स्थानीय तहस्तरीय समितिले नियमित बैठक गर्ने र नियमित रूपमा आआफ्नो कार्यक्षेत्रमा अनुगमन गरी सक्रियता बढाउने निर्णय गरिएको छ ।

साथै, सामाजिक विकास मन्त्रालयमार्फत विद्यालय, समुदाय र धार्मिक संघसंस्था लक्षित प्रदेशस्तरीय वार्षिक कार्ययोजना बनाई छाउपडी प्रथाजन्य कूरीति तथा जातीय विभेदविरुद्ध जनचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ ।

## मधेसको ४४२ हेक्टर वन अतिक्रमण मुक्त



**जनकपुरधाम (प्रस)–** मधेस प्रदेशको वन निर्देशनालयले आर्थिक वर्ष २०८१/८२ मा ४४२ हेक्टर वनजंगलको जमिन अतिक्रमणकारीबाट छुटाएको जानकारी दिएको छ ।

उक्त निर्देशनालयबाट प्राप्त जानकारीअनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा १७५ हेक्टर, सप्तरीमा १११ हेक्टर, बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौटहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोतरीमा तीन हेक्टर वन क्षेत्रको जमिन फिर्ता लिइएको छ । निर्देशनालयका निर्देशक जग्गनाथप्रसाद जयसवालले मधेस प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार ५९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिए ।

यसैबीच, वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले प्रशासनिक संयन्त्रले मात्र वनसम्बन्धी समस्यम समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक रहेको बताए । मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले वन क्षेत्रलाई अतिक्रमण हुनबाट रोक्न मातहतका कार्यालयललाई कठोर भएर काम गर्न परिपत्र गरिएको तथा पर्याप्त जनशक्ति परिचालन गरेर परिणाम निकाल्नेगरी समन्वयका साथै अनुगमन हुने प्रतिबद्धता व्यक्त गरे ।

हाल देशमा ४५ प्रतिशत भूभाग वनले ढाकेको भए पनि मधेस प्रदेशमामात्र ३.७२ प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको सो निर्देशनालयले जनाएको छ ।

प्रदेशभरि दुई लाख दुई हजार २०२ वनक्षेत्र रहे पनि १३६ स्थानीय तहमध्ये ८९ वटामा वनक्षेत्र नै नभएको बताइएको छ । देशको कूल वन क्षेत्रमध्ये आठ प्रतिशत अतिक्रमणको चपेटमा परेको जनाइएको छ ।

# आर्थिक सशक्तीकरणका लागि प्रभावकारी बन्दै महाकाली सामुदायिक वनको घुम्ती कोष

**कञ्चनपुर–** कृष्णपुर नगरपालिका-६ बञ्जरियास्थित महाकाली सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध सदस्य आर्थिकरूपमा परिपक्व हुन थालेका छन् । सामुदायिक वनले घुम्ती कोष सञ्चालन गरी उपभोक्ताको आयस्तरमा सुधार ल्याउन थालेको हो ।

सामुदायिक वनअन्तर्गत तीनवटा टोल समिति गठन गरिएका छन् । टोल समितिपिच्छे सामुदायिक घुम्ती कोष सञ्चालन गरिएका छन् । सामुदायिक वनका कार्यालय सहायक वृद्धिबहादुर चौधरीका अनुसार उत्तर बञ्जरिया टोल समिति, वसन्तपुर टोल समिति र दक्षिण बञ्जरिया टोल समिति गरी तीनवटा टोल समिति छन् ।

प्रत्येक टोल समितिमा १० लाख रूपैयाँको घुम्ती कोष सञ्चालित छ । टोल समितिमा आबद्ध उपभोक्तालाई बंगुरपालन, बाख्रापालन, कुखुरापालन, पशुपालन, बेमौसमी सागसब्जीखेती, माछापालन र किराना पसल सञ्चालनका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउने कार्य हुँदै आएको छ । 'टोल संयोजकसहित समितिमा सात जना रहने व्यवस्था गरिएको छ,' चौधरीले भने, 'समितिले आवश्यकता भएका विपन्न अवस्थाका उपभोक्ताको मागअनुसार ऋण परिचालन गर्दै आएको छ ।' एक जना उपभोक्तालाई एकपटकमा कम्तीमा ३५ हजार रूपैयाँसम्म ऋण वार्षिक ०.५ प्रतिशत ब्याजमा लगानी गरिँदै आएको छ ।



तीनवटै टोल समितिमा २५४ घरधुरी आबद्ध रहेका छन् । जसमा महिला ५५७ र पुरुष ६०६ जना आबद्ध रहेका छन् । सामुदायिक वनका अध्यक्ष वीरबहादुर राजवंशीका अनुसार टोल समितिको हिसाबकिताबलाई पारदर्शी र चुस्तदुरुस्त बनाउनका लागि आर्थिक वर्षको अन्त्यमा आर्थिक प्रतिवेदन तयार गरी सार्वजनिक सुनुवाइ गरी अनुमोदन गर्ने गरिन्छ । प्रतिवेदनमा ऋण लगानी भएको रकम, वार्षिक प्राप्त ब्याज र बैंक मौज्दातबारे उल्लेख गरिएको हुन्छ ।

'आर्थिक प्रतिवेदन अनुमोदन गर्न आयोजना गरिने कार्यक्रममा टोल समितिमा आबद्ध उपभोक्ताको आर्थिक अवस्थामा सुधार भए नभएकोबारे छलफल गर्छौं,' उनले भने, 'ऋणको सही सदुपयोग भए नभएकोबारे विश्लेषण गर्छौं, विपन्नताको अवस्थामा रहेका उपभोक्ताको आर्थिक अवस्थालाई अझै सुधार गर्न के गर्न सकिन्छ त्यसबारे गहन छलफल गरी आगामी वर्षका लागि योजना बनाउँछौं, लागू गर्छौं ।'

घुम्ती कोष परिचालनका लागि भने सामुदायिक वनले विनियम नै तयार गरी त्यसैअनुरूप रकम परिचालन गर्दै आएको छ । आयआर्जनका कार्यक्रमसँगै वैदेशिक रोजगारीमा जानेलाई र उच्च शिक्षा अध्ययन गर्नेलाई पनि सहुलियत दरमा ऋण उपलब्ध गराउने गरिन्छ । सामुदायिक वनमा आबद्ध उपभोक्ता कोषको रकम ऋणका रूपमा लिएर कुनै न कुनै व्यवसायमा संलग्न रहेका छन् । घुम्ती कोषअन्तर्गत एक उपभोक्तालाई निश्चित समयावधिका लागि दिएको ऋण अर्को उपभोक्तालाई दिइने गरिन्छ ।

कोषबाट ऋण लिएर फूलराम चौधरीले बाख्रापालनको कार्य गर्दै आएका छन् । बाख्रापालन गरी उनले वार्षिकरूपमा दुई लाख रूपैयाँभन्दा बढी आम्दानी गर्दै आएका छन् । सामुदायिक वनमा आबद्ध भएपछि घुम्ती कोषबाट ऋण लिएर बाख्रापालन गरिएपछि वर्षभरिको घर खर्च सहजरूपमा चल्न थालेको चौधरीले बताए । पहिलोपटक लिएको ऋणको रकम बाख्रा बिक्री गरेर चुक्ता गरिसकेको उल्लेख गर्दै उनले थप ऋण लिएर उन्नत जातका बाख्रा थपेर व्यवसायलाई विस्तार गर्ने सोच रहेको बताए ।

समितिमा आबद्ध बुद्धिराम चौधरीले घुम्तीको कोषबाट लिएको ऋणको रकम परिचालन गरी १० कट्ठा जग्गामा व्यावसायिकरूपमा सागसब्जीखेती थालेका छन् । मौसमी र बेमौसमी सागसब्जीखेती गरी वर्षमा पाँच लाख रूपैयाँजतिको आम्दानी हुने गरेको उनी बताउँछन् ।

घुम्ती कोष सञ्चालन गर्नुको उद्देश्यबारे प्रस्टयाउँदै अध्यक्ष राजवंशी भन्छन्, 'विपन्नतका अवस्थामा रहेका उपभोक्ताको आर्थिक अवस्थामा सुधार ल्याउनु, लघु उद्यममार्फत उपभोक्तालाई आर्थिकरूपमा सवल बनाउनु र महिलालाई सशक्तीकरण गर्नु रहेको छ, जुन उद्देश्यका लागि घुम्ती कोष गठन गरी सञ्चालन गरेका छौं, त्यसमा सफल हुँदै गएका छौं ।'

उनका अनुसार घुम्ती कोषको अर्को उद्देश्य गरिबी घटाउने र रोजगारीका अवसर सिर्जना गर्नेसमेत रहेको छ । सामुदायिक वनले पाँच वर्षअघिदेखि घुम्ती कोष कार्यक्रम सञ्चालन गर्दै आएको छ । *रासस*

प्रभाव दैनिक

## रूपशाला

### 'नाइँ भनेसि नाइँ' ल्याउँदै प्रकाश सपुत

गायक प्रकाश सपुतले तीजको अवसरमा नयाँ गीत ल्याउन लागेको उद्घोष गरेका छन् । गीतको शीर्षक 'नाइँ भनेसि नाइँ' रहेको छ । सामाजिक सञ्जालमार्फत यसबारे जानकारी दिएका गायक सपुतले गीतमा समीक्षा अधिकारी र एलिना चौहानको पनि स्वर रहने गीतको पोस्टरमार्फत जानकारी दिएका छन् । उनले लेखका छन्- 'प्रिय प्रकाश, गीत सङ्गीत नै तिम्रो जरा हो र यस मार्फत कथा भन्नु तिम्रो विशेषता ! हाँगा फैलिनु राम्रो हो तर जरासँग जोडिनुपर्छ र विशेषतालाई छोड्नुहुन्न है ।'




आइतबार, ०४ साउन, २०८२ (Sunday, July 20, 2025)

# अभिनेता हमाल कर्णाली यसभिएसको ब्राण्ड एम्बेसडर

■ प्रभाव संवाददाता

**काठमाडौं –** एभरेष्ट महिला भलिबल लिग (इडब्लुभिएल) को दोस्रो सिजनका लागि कर्णाली यसभिएसले महानायक राजेश हमाललाई आफ्नो ब्राण्ड एम्बेसडरको रूपमा अनुबन्धित गरेको छ । कर्णाली यसभिएसका व्यबस्थापक लोकेन्द्र गिरी र अभिनेता हमालबीच शनिबार सम्झैता पत्रमा हस्तक्षर भएको हो ।

कर्णाली यसभिएसले अभिनेता हमाल जस्तो दिग्गज व्यक्तिलाई आफ्नो ब्राण्ड एम्बेसडरको रूपमा पाउनु गौरवको कुरा भएको बताए। त्यस्तै महानायक हमालले कर्णाली यसभिएसले नेपाली महिला खेलाडीहरूलाई हौसला प्रदान गर्ने अवसर दिएकोमा खुशी व्यक्त गरे ।



हमालले आफूले पनि जिवनका विभिन्न चरणमा भलिवल खेलेको स्मरण गर्दै भलीवल राष्ट्रिय खेल भएको बताए । यसका माध्यमबाट हाम्रा चेलीहरूले विश्वमा एउटा छुट्टै स्थान बनाउन सक्नेछन् । हमालले गत वर्षको च्याम्पियन टोली कर्णाली यसभिएसले यो वर्ष पनि बाजी मार्ने विश्वास व्यक्त गरे ।

कर्णाली यसभिएसले बिहिबार मात्रै प्रशिक्षकको रूपमा कुमार राई र मार्की खेलाडी सुमित्रा रेग्मीलाई यो वर्ष पनि निरन्तरता दिएको छ । पहिलो संस्करणको विजेता समेत रहेको कर्णालीले दोस्रो संस्करणमा मार्की खेलाडी सुमित्रा रेग्मीलाई निरन्तरता दिएको हो । दोस्रो संस्करणको एभरेष्ट महिला भलिबल लिग ईन्फिनिटी ड्रिम्सको आयोजनामा आगामी भदौ २० गतेदेखि २८ गतेसम्म हुनेछ ।

# जोस र तृषालाई 'द फेस नेपाल भोल्युम ५'को उपाधि

**काठमाडौं (प्रस)–** नेपालकै पहिलो र ठूलो मोडलिङ रियालिटी शो 'द फेस नेपाल भोल्युम ५'को शीर्ष उपाधि पुरुषतर्फ जोस गरेट र महिलातर्फ तृषा चेम्जोङले जितेका छन् । राजधानीको होटल सोल्टीमा भएको फिनालेमा उनीहरूले उपाधि जितेका हुन् । उनीहरूले उपाधिसँगै जनही ३ लाख ५० हजार रूपैंयाँ नगद पुरस्कार जितेका छन् ।

यू क्यान फ्लाई मोडलिङ एजेन्सीले आयोजना गरेको प्रतियोगितामा गणेश क्षेत्री र एलिना चौधरी फस्ट रनरअप, एलेन थापा र प्राश्ना श्रेष्ठ सेकेण्ड रनरअप तथा इर्भान वीर कंशकार र प्रतिष्ठा रिजाल थर्ड रनरअप भए ।

कम्पनीकी प्रबन्ध निर्देशक स्वीकृति प्याकुरेलले नेपाली मोडललाई नेपालमै उनीहरूको प्रतिभा चिनाउन र मोडलिङ गर्नकै लागि विदेश जानु नपरोस् भनेर प्रतियोगिता गरिएको बताइन् । 'यो प्रतियोगिता पछि यसको जुन किसिमको हाइप नेपालमा बढेको छ, विजेताले जुन किसिमको एक्सपोजर ल्याउनुभएको छ । त्यो कुराले हामी सन्तुष्ट र खुशी छौं', उनले भनिन् । एजेन्सीका संस्थापक सम्शाद शाहले प्रतियोगिता मोडलहरूका लागि उपयुक्त प्लेफर्म बनेको बताए ।

# प्यालेस्टाइनको पक्षमा कविता र संगीतमार्फत ऐक्यबद्धता

■ प्रभाव संवाददाता

**काठमाडौं –** हुरी स्टुडियो, कुपोन्डोलमा सुसेला काव्यशालाको चौथो शृफ्ला सम्पन्न भएको छ । प्यालेस्टाइनको पक्षमा भन्ने भावना बोकेर आयोजित यस शृफ्लामा कविता र संगीतमार्फत प्यालेस्टाइनी जनतासँग ऐक्यबद्धता व्यक्त गरिएको थियो ।

कार्यक्रममा सुसेला संगीत समूहले 'वि स्याल ओभरकम', 'धर्तीका निमुखाहरू' र 'प्यालेस्टाइन' शीर्षकका सशक्त गीत प्रस्तुत गर्दै दमनविरुद्धको संगीतमार्फत प्रतिरोधको सन्देश फैलाएका थिए । त्यस्तै गायक विवशले पनि जनवादी गीतहरू प्रस्तुत गरे ।

कविता वाचनतर्फ, संगीत, शैलज पौडेल र देवव्रतले नेपालीमा अनुदित प्यालेस्टाइनी कविहरूका कविता वाचन गरेका थिए । युद्धग्रस्त भूमिमा भइरहेको मानवीय पीडाको पक्षमा उक्त कार्यक्रम आयोजना गरिएको हो । सुसेलाका अनुसार अबदेखि हरेक महिनाको पहिलो शनिबार यस्ता काव्यशालाहरू नियमित रूपमा आयोजना गरिनेछ ।

# अनेसास पुरस्कारबाट विभिन्न कृति पुरस्कृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तरराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)ले विविध विधामा प्रकाशित कृतिलाई पुरस्कृत गरेको छ । भर्चुअलमाध्यमबाट शनिबार भएको अनेसासको वार्षिक साधारणसभा एवं २१२औं भानु जयन्ती समारोहमा अनेसासले विभिन्न विधाका कृतिलाई पुरस्कृत गरिएको हो ।

सबैभन्दा ठुलो अमेरिकी डलर दुई हजार १०० राशीको अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार रोशन थापा नीरवको 'सन्त्रासको साठी दिन' लाई प्रदान गरिएको छ । यस्तै, अनेसास राष्ट्रकवि सर्वोत्कृष्ट काव्य पुरस्कार कृसु क्षेत्रीको 'पसिनाको क्यानभास', अनेसास सर्वोत्कृष्ट निबन्ध पुरस्कार मोमिला जोशीको 'प्रश्नहरू त बाँकी नै रहन्छन्', अनेसास सर्वोत्कृष्ट कथा पुरस्कार कृष्ण कुसुमको कथा संग्रह 'पार्श्व ध्वनि', अनेसास सर्वोत्कृट समालोचना दर्शन तथा संस्कृती पुरस्कार डा. दुर्गाबहादुर घर्तीको 'सास्कृतिक अध्ययन', र सर्वोत्कृष्ट उपन्यास पुरस्कार अखण्ड भण्डारीको 'बोरा' लाई प्रदान गरिएको छ ।

यसैगरी अनेसास सर्वोत्कृष्ट लोकसाहित्य पुरस्कार शशिराम कार्कीको 'रुकुमका लोककथा', अनेसास सर्वोत्कृष्ट गीत गजल पुरस्कार लक्ष्मण सिटौलाको गीति सङ्ग्रह 'धर्तीको ध्वनि', अनेसास सर्वोत्कृष्ट बाल साहित्य पुरस्कार विमला ढुङ्गाना निरौलाको 'यात्रामा देश', अनेसास सर्वोत्कृष्ट डायस्पोरा काव्य पुरस्कार जगन्नाथ पौडेलको कविता संग्रह 'बग्दा बग्दै' र अनेसास सर्वोत्कृष्ट डायस्पोरा वाङ्मय पुरस्कार तुलसी आचार्यको उपन्यास 'स्वप्नभूमि' लाई प्रदान गरिएको छ ।

यी पुरस्कारको राशी अमेरिकी डलर पाँच सयदेखि १५०० सम्म रहेको छ ।

पुरस्कार छनोट समितिका सदस्य सन्ध्या पहाडीले विश्वभरबाट छनोट गरिएका दुई सयभन्दा बढी कृतिमध्ये पहिलो र दोस्रो चरणमा गरी उल्लेखित कृतिलाई पुरस्कृत गर्न समितिले सिफारिस गरेको बताए । सोही सिफारिसअनुसार अनेसासको कार्यसमितिले पुरस्कार प्रदान गर्ने निर्णय गरेको उनले जानकारी दिए ।

अनेसासले नेपाली भाषा, साहित्य र संस्कृतिलाई अन्तरराष्ट्रिय क्षेत्रमा प्रचारप्रसारका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यसै क्रममा विगत लामो समयदेखि स्वदेश तथा विदेशबाट नेपाली भाषामा प्रकाशित कृतिहरू संकलन गरी हरेक दुई वर्षमा पुरस्कृत गरिँदै आएको अनेसासले जनाएको छ ।

## रंगशाला

**साफ यु-२० महिला च्याम्पियनसिप**

# भुटानविरुद्ध ८-० गोलको फराकिलो जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** साफ महिला यु-२० च्याम्पियनसिपमा नेपालले भुटानमाथि फराकिलो जित हात पारेको छ ।

बंगलादेशको राजधानी ढाकास्थित बसुन्धरा स्पोर्ट्स ग्राउन्डमा शनिबार सम्पन्न खेलमा नेपालले ८-० को जित निकालेको हो । नेपाललाई जित दिलाउन पूर्णिमा राई र मीना देउवाले ह्याट्रिक गरिन् । समीक्षा मगर र कुशुम खतिवडाको नाममा समान १ गोल रह्यो ।

योसँगै आयोजक बंगलादेशलाई उछिन्दै नेपाल शीर्ष स्थानमा उक्लिएको छ । नेपालले ५ खेलबाट १२ अंक पुऱ्याएको छ । एक खेल कम खेलेको बंगलादेशको पनि समान अंक छ । तर, गोलअन्तरमा नेपाल अगाडि छ । नेपालले ३० गोल गर्दा ४ गोल खाएको छ ।

बंगलादेशले भने १९ गोल गर्दै ४ गोल दिएको छ । जसमा दुई गोल नेपालले गरेको थियो । शनिबार नै दोस्रो खेलमा बंगलादेशले श्रीलंकाविरुद्ध ५-० ले जित हात पारेको छ । पहिलो खेलमै ९-१ को जित निकालेको बंगलादेश सम्भवतः पुनः शीर्ष स्थानमा फर्किएको छ ।

यस्तो भएमा सोमबार हुने नेपाल र बंगलादेशबीचको खेलले उपाधि छिनोफानो लगाउने छ ।

खेलको ४४औं सेकेन्डमै नेपालले सुरुआती अग्रता लियो । सरिता नाथको लामो प्रहारलाई भुटानी डिफेन्डरले रोक्ने प्रयास गरेका थिए । तर, सिक्स यार्ड बक्सनजिक रहेकी मीनाको खुट्टामा बल पुग्यो । उनले उक्त बललाई माथिल्लो बारतर्फबाट सहजै गोलमा परिणत गरिन् ।

नवौं मिनेटमा समीक्षाले अर्को गोल थपिन् । सुक्रिया मियाँको लामो पासलाई पेनाल्टी बक्सनजिक रहेकी मीनाले रोकेको थिइन् । उनले भुटानी डिफेन्डरलाई रोक्दै दिएको बललाई समीक्षाले लामो प्रहारमार्पत गोलमा परिणत गरेकी हुन् ।

त्यसको तीन मिनेटपछि नै मीनाले व्यक्तिगत दोस्रो गोल गरिन् । सुक्रिया एक्लैले पेनाल्टी बक्सनजिक पुऱ्याएर उपलब्ध गराइदिएको बललाई भुटानी गोलकिपरले रोकेकी थिइन् । तर, रिबाउन्डमा उनले हल्का टच गर्दै गोल गरिन् ।

२३औं मिनेटमा नेपालले अग्रता ४-० मा पुऱ्यायो। मीनाले दिएको पासलाई गोल लाइनजिक रहेकी पूर्णिमाले सहजै गोलमा परिणत गरिन् । इन्जुरी समयमा पूर्णिमाले व्यक्तिगत दोस्रो तथा टोलीका लागि पाँचौं गोल गरिन् ।

सरिताले प्रहार गरेको बल भुटानी गोलकिपरले बचाउने प्रयास गरेकी थिइन् । तर, रिबाउन्डमा आएको बललाई पूर्णिमाले हेडरमार्फत गोल गरिन् ।

इन्जुरी समयको अन्तिम सेकेन्डतिर पूर्णिमाले ह्याट्रिक पूरा गरिन् । सेनु परियारले बक्सबाट दिएको कट पासलाई उनले भुटानी डिफेन्डरलाई बिट गर्दै प्रहार गरेको बलले सिधै जाली चुम्यो ।

जारी प्रतियोगितामा उनको यो दोस्रो ह्याट्रिक हो । यसअघि उनले भुटानविरुद्धको ५-१ को जितमा पनि यो उपलब्धि हासिल गरेकी थिइन् । योसँगै शीर्ष गोलकर्ताको सूचीमा अग्रस्थानमा रहेकी उनले आफ्नो गोल संख्या १० मा पुऱ्याएकी छन् ।

६४औं मिनेटमा कुशुमले अग्रता ७-० मा पुऱ्याइन् । वैकल्पिक खेलाडीको रूपमा मैदान उत्रिएकी उनले सुक्रियाको क्रसमा गोल गरेकी हुन् । लगत्तै सुक्रियाको उस्तै क्रसमा अनमार्क मीनाले सहजै गोल गर्दै ह्याट्रिक पूरा गरिन् ।

जारी प्रतियोगितामा मीनाको यो दोस्रो ह्याट्रिक हो । यसअघि उनले श्रीलंकाविरुद्ध ७-० को जित निकाल्ने क्रममा ह्याट्रिक गरेकी थिइन् । योसँगै उनको गोलसंख्या ७ पुगेको छ ।

# एन्फा प्रेसिडेन्ट लिगमा चित्लाङसँगै १० क्लब

**काठमाडौं .(प्रस)–** चित्लाङ एफसीसँगै १० क्लब एन्फा प्रेसिडेन्ट लिग २०२५ मा छनोट भएका छन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले शनिबार उक्त जानकारी दिएको हो । चित्लाङबाहेक टाइगर टिम दोलखा, नव जागृति क्लब बारा, देउराली युथ क्लब धनकुटा, गाईघाट फुटबल क्लब उदयपुर र लालिगुराँस एसोसिएसन क्लब कास्की पनि छनोट भएका छन् ।

यस्तै, बर्दियाको जन जागृति युथ क्लब, काक्रेबिहार युथ क्लब सुर्खेत, विजय स्पोर्ट्स क्लब कैलाली र हिरन्श क्लब तनहुँ पनि छनोट भएका छन् ।




तर, एन्फाले खेल तालिका र खेल हुने स्थान अझै तय गरेको छैन ।

# हिमालयन १०० चेसमा क्षितिज च्याम्पियन



**काठमाडौं (प्रस)–** नेपाली चेसमा ऐतिहासिक दिनको रूपमा स्मरणीय बन्ने गरी 'राजेन्द्र केसी स्मृति हिमालयन १०० एक्स टु ब्लिट्ज चेस प्रतियोगिता' को खुलतर्फको उपाधि शनिबार क्षितिज भण्डारीले जितेका छन् ।

हिमालयन चेस एकेडेमीको आयोजनामा काठमाडौंको त्रिपुरेश्वरस्थित वोगनभिल्ला हलमा सम्पन्न एकदिने प्रतियोगितामा २४७ खेलाडी सहभागी भए, जुन नेपाली ब्लिट्ज चेस इतिहासकै सबैभन्दा ठूलो सहभागिता हो ।

एकेडेमीकी अध्यक्ष मोनालिसा खम्बूका अनुसार गत वर्ष फिडे स्थापनाको १०० वर्ष पुगेको अवसरमा आयोजित पहिलो संस्करण 'हिमालयन १००' गिनिज वर्ल्ड रेकर्डमा सूचीकृत भइसकेको छ । यसपटक त्यही अभियानको दोस्रो संस्करण 'राजेन्द्र केसी स्मृति हिमालयन १०० एक्स टु' को रूपमा आयोजना गरिएको हो ।

प्रतियोगिताको खुलातर्फ फिडेमास्टर (एफएम) भण्डारीले सिएम पुरुषोत्तम सिलवाललाई पछि पार्दै १० हजार रूपैयाँ नगद पुरस्कार जिते। उनले ९.५ अंक जोडे । यस्तै, दोस्रो भएका सिलवालले ९ अंकसहित ७ हजार रूपैयाँ प्राप्त गरे ।

८.५ अंक जोडेका मुकुन्द नापित तेस्रो हुँदै ५ हजार रूपैयाँ प्राप्त गरे। शीर्ष १० स्थानमा स्थान बनाउने अन्य खेलाडी सन्तोष श्रेष्ठ, रूपेश जैसवाल, प्रेम कृष्ण अधिकारी, रिसन थापा, सुरोज महर्जन, प्रेम खड्का र पुरुषोत्तम चौधरी रहे। यी सबैले जनही १ हजार रूपैयाँ पुरस्कार पाए ।

१९ विधामा आयोजित प्रतियोगितामा ६ वर्षदेखि ८४ बर्षसम्मका खेलाडी सहभागि थिए । कुल ६७ हजार रूपैयाँ पुरस्कार रहेको प्रतियोगितामा नायुमा मगर, निहाना श्रेष्ठ, प्रज्ञा पन्त, सात्विकमान तुलाधर, प्रवीर केसी, सीताराम अग्रवाललगायत ३२ खेलाडीले पुरस्कार प्राप्त गरे ।

# अमेरिकाको मध्यस्थतामा सिरिया-इजरायल युद्धविराम



**वाल्घा, सिरिया–** सिरियाको ड्रुज समुदाय बसोबास गर्ने क्षेत्रमा हिंसा चर्किरहेका बेला संयुक्त राज्य अमेरिकाले सिरिया र इजरायलबीच युद्धविरामको सम्झौता गराएको घोषणा गरेको छ ।

सिरियन मानवअधिकार अनुगमन केन्द्रका अनुसार, ड्रुज र बेदुइन समुदायबीच आइतबारदेखि सुरु भएको झडपमा कम्तीमा ६३८ जनाको मृत्यु भइसकेको छ । यो संकटले कार्यवाहक राष्ट्रपति अहमद अल-शराआ को नियन्त्रण क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ ।

इजरायलले बुधबार राजधानी दमास्कसमा हवाई आक्रमण गर्दै सिरियाली सेनाको मुख्यालय नै लक्षित गरेको थियो । अमेरिकाका सिरिया मामिलाका विशेष दूत टम बेराकले शनिबार बिहानै जानकारी दिँदै भने, 'शराआ र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूबीच अमेरिकाको पहलमा युद्धविरामको सहमति भएको छ ।' उक्त सम्झौतामा टर्की र जोर्डनको समर्थन रहेको पनि उनले बताए ।

बेराकले सामाजिक सञ्जाल 'एक्स' मा लेखे, 'ड्रुज, बेदुइन र सुन्नी समुदायलाई हतियार बिसाएर शान्तिपूर्ण र एकीकृत सिरियाली पहिचान निर्माण गर्न आह्वान गर्दछौं ।' यसअघि, अमेरिकाको मध्यस्थतामै शराआले ड्रुजको केन्द्र स्वेइदा सहरबाट सैनिक फिर्ता गरेका थिए । तर शराआको कार्यालयले ड्रुज लडाकुहरूकै कारण युद्धविराम भंग भएको आरोप लगाएको छ । शुक्रबार साँझ शराआ कार्यालयले फेरि स्वेइदातर्फ थप सुरक्षा बल पठाउने तयारी रहेको जानकारी दिँदै सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ ।

### स्वेइदामा झडप, अस्पताल भरिए

एएफपीका अनुसार शुक्रबार स्वेइदाको प्रवेशद्वारमा ड्रुज र बेदुइन लडाकुहरूबीच पुनः झडप भएको छ । करिब २०० बेदुइन लडाकुले मेसिनगन र गोला प्रहार गरेका थिए । स्वेइदा राष्ट्रिय अस्पतालमा शव राख्ने ठाउँ सकिएकाले शव सडकमा राख्नुपरेको छ । चिकित्सक डाक्टर ओमर ओबेदले भने, 'सोमबारदेखि ४०० भन्दा बढी शव आएका छन् । शव राख्ने फ्रिजमा ठाउँ छैन ।'

संयुक्त राष्ट्रसंघको आप्रवासन निकायका अनुसार, आइतबारदेखि हालसम्म ७९ हजार ३३९ व्यक्ति विस्थापित भएका छन् ।

### देशभरबाट बेदुइनको समर्थन, इजरायलको राहत सहायता

सिरियाभरका विभिन्न बेदुइन समुदायका लडाकुहरू स्वेइदाको वरपरका गाउँहरूमा जम्मा भएका छन् । हमाका प्रमुख अनेस अल-एनादले भने, 'हाम्रो बेदुइन दाजुभाइहरूले सहयोग मागे, त्यसैले हामी आइपुग्यौं ।'

एएफपीकाअनुसार, वाल्घा गाउँमा दर्जनौं घर र पसलहरू जलाइएका छन् । अहिले गाउँ बेदुइन लडाकुहरूको नियन्त्रणमा छ । यसैबीच, इजरायलले स्वेइदाका ड्रुजहरूका लागि छ लाख डलर बराबरको राहत सामग्री (खाद्य र औषधि) पठाउने घोषणा गरेको छ । विश्लेषकका अनुसार इजरायलको यस्तो कदमले सिरियाली सेनालाई थप कमजोर पार्ने रणनीति हो ।

### मानवीय संकटमा अन्तर्राष्ट्रिय चासो

संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुख भोल्कर टुर्कले रगतपात तुरुन्त रोक्न र सबै पक्षले निष्पक्ष र छिटो छानबिनमा सहयोग गर्नुपर्ने बताए । अन्तर्राष्ट्रिय रेडक्रस समितिका प्रमुख स्टेफान सकालियनले भने, 'स्वेइदाको मानवीय अवस्था अत्यन्तै गम्भीर छ । अस्पतालमा उपचारका लागि आवश्यक स्रोत छैनन्, मृत शरीर गाड्न ठाउँ छैन ।' स्थानीय सञ्चारमाध्यम 'सुवेइदा-२४' का सम्पादक रयान मारूफले भने, 'हामी बच्चाहरूका लागि दूधसमेत पाउन सकिरहेका छैनौं । स्थिति भयावह छ ।' *रासस⁄एएफपी*



दक्षिणपश्चिम चीनको युनान प्रान्तको डाली बाई स्वायत्त प्रान्तस्थित वेशान यी र हुई स्वायत्त काउन्टीमा परम्परागत नृत्यको रिहर्सलमा भाग लिँदै स्थानीय यिजु दागे टोलीका सदस्यहरू । *तस्बिरः सिन्ह्वा*

# चीनको आर्थिक विकासमा आन्तरिक बजारको योगदान बढ्दै

**बेइजिङ–** चीनका वाणिज्यमन्त्री वाङ वेन्ताओका अनुसार सन् २०२१ देखि पछिल्ला चार वर्षमा चीनको कूल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धिमा आन्तरिक खर्चले औसत वार्षिकरूपमा करिब ६० प्रतिशत योगदान पुऱ्याएको छ ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री वाङले बताएअनुसार अहिले चीनको आर्थिक वृद्धिमा जनताको खर्च मुख्य आधार बन्न पुगेको छ र यसको प्रभाव अझ बलियो बन्दै गएको छ ।

उनका अनुसार चीनमा घरेलु माग विस्तार हुँदै गएको छ । जनताको जीवनस्तरमा सुधार, रोजगारीका अवसरमा वृद्धि, सेवा क्षेत्रमा विकास, ग्रामीण बजारको मजबुती र प्रविधिको बढ्दो प्रयोगका कारण खर्च गर्ने क्षमता बढेको देखिएको छ । वाणिज्य मन्त्रालयले जानकारी दिएअनुसार सरकारले जनताका लागि खर्च गर्न सहज वातावरण बनाउन नीति परिवर्तन, बजार पहुँच सरल बनाउने र उत्पादन तथा सेवा क्षेत्रमा लगानी बढाउने उपायहरू लागू गरेको छ ।

चीन सरकारले पछिल्लो केही वर्षदेखि देशभित्रको बजारलाई मजबुत बनाउने रणनीति अपनाउँदै आएको छ । यसैअनुसार आर्थिक रूपान्तरणको केन्द्रमा अब देशभित्रको खर्चलाई राखिएको छ । अघिल्ला वर्षहरूमा लगानी र निर्यातमा भर पर्ने चिनियाँ अर्थतन्त्र अहिले देशभित्रको खपत र सेवा क्षेत्रमा आधारित बन्दै गएको छ ।

मन्त्री वाङका अनुसार दीर्घकालीनरूपमा आर्थिक विकास कायम राख्न जनताको खर्चले महत्त्वपूर्ण भूमिका खेल्ने छ । यसले उत्पादन, रोजगारी र कर प्रणालीमासमेत सकारात्मक असर पार्ने विश्वास व्यक्त गरिएको छ । रासस⁄सिन्ह्वा

# गाजामा खाद्यसंकट गहिरिँदै, संयुक्त राष्ट्रसंघको गम्भीर चिन्ता



**न्युयोर्क–** संयुक्त राष्ट्रसंघले गाजा क्षेत्रमा खाद्य अभाव र कुपोषणको अवस्था अत्यन्त भयावह बन्दै गएको भन्दै गहिरो चिन्ता व्यक्त गरेको छ । विशेषगरी महिला र बालबालिकाहरू तीव्र भोकमरीको सिकार भइरहेका छन्, जसका कारण हरेक दिन मानिसहरूको मृत्यु भइरहेका घटनाहरू बढ्दै गएका छन् ।

संघको मानवीय मामिलाका लागि समन्वय कार्यालय (ओसिएचए) ले सार्वजनिक गरेको प्रतिवेदनमा इजरायली प्रशासनले गाजाको उत्तरी क्षेत्रमा पुनः जबर जस्ती विस्थापनको आदेश दिएको उल्लेख गरिएको छ । त्यहाँका अस्पतालमा उपचारको अभावका कारण कुपोषित बालबालिका र वयस्कहरू ज्यान जोखिममा परेका छन् ।

पछिल्ला दिनहरूमा इन्धन संकट अझै चर्किएको छ । सीमित मात्रामा इन्धन आएता पनि फोहोर व्यवस्थापन रोकिएको छ भने डिर अल बलाह क्षेत्रमा पानीका कुवाहरू बन्द भएका छन् । यस्तै, डायलाइसिसजस्ता जीवनरक्षक स्वास्थ्य सेवाहरू पनि बन्द हुनुका साथै अन्य सेवा रोक्ने तयारी भइरहेको छ । मानवीय सहायता गाजाभित्र प्रवेश गराउन गरिएको प्रयास पनि निरन्तर असफल हुँदै गएको छ । हालैका १३ प्रयासमध्ये केवल सात प्रयासमा मात्र इजरायली प्रशासनले अनुमति दिएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

संगठनले गाजामा युद्ध, विस्थापन, भोकमरी, इन्धन अभाव र जनमानसमा बढ्दो निराशालाई सामूहिक अभाव सामान्यजस्तो बन्दै गएको त्रासदीपूर्ण अवस्था भएको टिप्पणी गरेको छ । यसैबीच, गाजामा खाद्यान्नको गम्भीर अभावले दुर्भिक्षको अवस्था ल्याएको र अन्तर्राष्ट्रिय समुदाय भने अझै मौन रहेकोमा संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय संस्थाहरूले खेद प्रकट गरेका छन् । *रासस⁄क्युएनए*

# दक्षिण कोरियाका पूर्वराष्ट्रपति युनमाथि शक्तिको दुरुपयोगको मुद्दा दर्ता

**सिओल–** दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक योएलमाथि शक्तिको दुरूपयोग र सरकारी काममा अवरोध पुऱ्याएको आरोपमा मुद्दा दर्ता गरिएको छ । उनले सन् २०२४ को डिसेम्बर ३ मा देशमा मार्शल ल (सैनिक शासन) घोषणा गर्दै संसद्मा सेना पठाएका थिए, जसले देशमा गम्भीर राजनीतिक संकट निम्त्यायो । उनलाई जनवरी महिनामा पक्राउ गरिएको थियो । तर, कानुनी प्रक्रियाअनुसार मार्च महिनामा उनलाई अस्थायीरूपमा रिहा गरिएको थियो । पछिल्लो साता उनलाई फेरि सबुत नष्ट गर्ने सम्भावना देखिएकाले पुनः पक्राउ गरिएको हो ।

अनुसन्धानकर्ताहरूका अनुसार युनले प्रधानमन्त्री र रक्षामन्त्रीले समर्थन गरेको झूटो कागज तयार पारेका थिए र त्यसलाई पछि नष्ट गर्न खोजिएको थियो । साथै, मार्शल ल घोषणा गर्नुपर्ने कानुनी प्रक्रिया उनले पूरा गरेका थिएनन् । अदालतमा सुनुवाइका क्रममा युनले आफ्नो स्वास्थ्य अवस्था कमजोर भएको र शरीरमा कमजोरी रहेको बताउँदै रिहाइको माग गरेका थिए, तर जुलाई १८ मा अदालतले उनको अनुरोध अस्वीकार गरेको छ ।

हाल उनलाई तापक्रम निकै बढेको बेलामा, पंखामात्र भएको तर एयर कन्डिसनर नभएको कोठामा एक्लै राखिएको छ । *रासस⁄एएफपी*

# अमेरिकाद्वारा डबल्युएचओको नयाँ 'महामारी नियम' अस्वीकार

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा रहेको सरकारद्वारा विश्व स्वास्थ्य संगठन (डबल्युएचओ) ले अघिल्लो वर्ष पारित गरेका 'महामारीसम्बन्धी नियम' संशोधन अस्वीकार गरिएको छ, जसमा अमेरिकी प्रशासनको भनाइअनुसार ती परिवर्तनले राष्ट्रको संप्रभुतामा हस्तक्षेप गर्छन् ।




ट्रम्पले जनवरी २० मा राष्ट्रपति पदमा पुनः फर्किएपछि अमेरिका डबल्युएचओबाट औपचारिकरूपमा हट्ने प्रक्रिया सुरु गरेका थिए, तर परराष्ट्र मन्त्रालयले भनेका अनुसार अघिल्लो वर्ष पारित भएका नियमहरू अमेरिका सदस्य नरहे पनि बाध्यकारी बन्न सक्ने थिए ।

परराष्ट्रमन्त्री मार्को रुबियो र स्वास्थ्यमन्त्री रोबर्ट एफ केनेडी जुनियरले संयुक्त वक्तव्य जारी गर्दै ती नियमले अमेरिकाको आफ्नै स्वास्थ्य नीति बनाउने अधिकार, नागरिकको अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता र व्यक्तिगत स्वतन्त्रतामा असर पार्न सक्ने भएकाले अस्वीकार गरिएको बताए ।

यता, डबल्युएचओका प्रमुख डा. टेड्रोस अधानोम घेब्रेयससले अमेरिकी निर्णयप्रति खेद व्यक्त गर्दै ती संशोधनले सदस्य राष्ट्रहरूको संप्रभुतामा कुनै पनि प्रकारको हस्तक्षेप नगर्ने र डबल्युएचओले कुनै पनि देशमा लकडाउन वा यस्तै उपायहरू जबर्जस्ती लाद्न नसक्ने बताए ।

ती नियम संशोधनमा सबै सदस्य राष्ट्रबाट सहकार्य र समानताको प्रतिबद्धता जनाउने उल्लेख गरिएको छ र भविष्यमा महामारीको अवस्थामा विकासोन्मुख राष्ट्रहरूको आवश्यकता बुझ्न एक छुट्टै संयन्त्र बनाउने प्रावधान पनि समावेश गरिएको छ । यद्यपि, अमेरिकालगायतका केही देशले यसलाई भविष्यमा डबल्युएचओमार्फत हुने नीतिगत हस्तक्षेपको जोखिमका रूपमा हेरेका छन् । नयाँ नियमप्रति असहमति जनाउनका लागि राष्ट्रहरूले जुलाई २० भित्र आपत्ति जनाउनुपर्ने व्यवस्था छ ।

यसैबीच, ब्रिटेन र अस्ट्रेलियामा रहेका केही कट्टरपन्थी समूह र खोपप्रति शंका राख्ने नागरिकहरूले पनि तिनै नियमविरुद्ध जनमत निर्माणका अभियान चलाएका छन् । धेरैजसो राष्ट्रले यस वर्षको मे महिनामा नयाँ महामारी सम्झौतामा हस्ताक्षर गरे पनि अमेरिका त्यसमा सहभागी भएन, किनभने त्यतिबेला डबल्युएचओबाट हट्ने प्रक्रिया अघि बढिरहेको थियो ।

सन् २०२४ को मे र जुन महिनामा भएका छलफलहरूमा सहभागी रहे पनि अमेरिकाले खोपसम्बन्धी बौद्धिक सम्पत्तिको अधिकारलाई पर्याप्त सुरक्षा नदिएको भन्दै सहमति जनाउन अस्वीकार गरेको थियो । ट्रम्प सरकारभन्दा अगाडिका विदेशमन्त्री एन्टोनी ब्लिन्कनले भने ती नियमलाई सकारात्मक प्रगति मानेका थिए, तर हालका मन्त्री रुबियो र केनेडीले ती नियमहरूमा चीनको राजनीतिक प्रभाव देखिएको आरोप लगाउँदै अस्वीकार गरे । डबल्युएचओ प्रमुख डा. टेड्रोसले अन्त्यमा भने, 'डबल्युएचओ निष्पक्ष संस्था हो र हामी सबै राष्ट्रसँग मिलेर जनस्वास्थ्यको सुधारका लागि काम गर्छौं ।' *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १९२३०० | प्रति तोला - ० | प्रति तोला - २२६५ |



**रमणीय टौदह** | काठमाडौँको उपत्यकाको ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थल कीर्तिपुर-१५ स्थित टौदह । टौदहमा बिदाका दिन राजधानीबासीहरू समय बिताउन गइरहेका हुन्छन् ।
*तस्बिर : गोपाल दाहाल/रासस*

# जलविद्युत् आयोजनालाई बाढीबाट सतर्क रहन इप्पानको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले सम्पूर्ण जलविद्युत् आयोजनालाई आगामी ३ दिनमा उच्चसतर्कता अपनाउन आग्रह गरेको छ ।

जल तथा मौसम विज्ञान विभागबाट यही साउन ३, ४ र ५ गते देशभर अत्यधिक वर्षा भई नदीमा पानीको सतहले सतकर्ता बिन्दु पार गर्नसक्ने पूर्वानुमान भएकाले इप्पानले विज्ञप्ति जारी गर्दै जलविद्युत् आयोजनामा पूर्वतयारी स्वरूप सतर्कता अपनाउन आग्रह गरेको हो ।

'इप्पान र जल तथा मौसम विज्ञान विभागबीच बाढीको पूर्वसूचना आदानप्रदान गर्ने सम्झौताअनुसार विभागले यस सम्बन्धमा इप्पानलाई पूर्वतयारीका लागि निरन्तर सूचना आदान प्रदान गर्दै आएको छ,' इप्पानले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विभागले यही साउन ३ गते साँझदेखि ४ गते बिहानसम्म पूर्वी नेपालमा भारी वर्षा हुने अनुमान गरेको छ ।'

पूर्वी नेपालमा कोशी, तामोर, अरुण, तामाकोशी, दूधकोशी, कन्काईलगायतका नदीमा बाढी आउन सक्ने सम्भावना अत्यधिक रहेको विभागको भनाइ छ । कोशी नदी सतर्कता तह नजिक वा पार गर्न सक्ने स्थितिमा पुग्न सक्नेछ । पूर्वीनेपालबाट सक्रिय हुने मौसमी प्रणाली पश्चिम नेपालतर्फ अघि बढ्नेछ । साउन ४ गते बेलुका बागमती नदीमा बाढी आई काठमाडौँ उपत्यका र तल्ला तटीय क्षेत्र प्रभावित हुने र साउन ५ गते दिउँसोसम्म महाकाली नदी र त्यसको तटीय क्षेत्रमा बाढी आउनसक्ने सम्भावना उच्च हुने विज्ञप्तिमा भनिएको छ ।

'यसपटकको मौसमी प्रणालीले मध्य नेपालमा बागलुङ, म्याग्दी, पर्वत, स्याङ्जा, पाल्पा, नवलपरासी, रूपन्देहीलगायतका जिल्लामा असर पर्नेछ, जसले नारायणी जलाधारको मध्य पहाडदेखि तल्लो तटसम्मलाई प्रभावित गर्नेछ', विज्ञप्तिमा भनिएको छ ।

साथै पश्चिममा राप्ती र बबई क्षेत्रमा पनि मध्यम स्तरको प्रभाव पर्ने सम्भावना भएको र महाकाली क्षेत्रमा साउन ४ गते बेलुकादेखि साउन ५ गते मध्यान्हसम्म बढी सतर्कता अपनाउनु आवश्यक रहेको जलतथा मौसम विज्ञान विभागलाई उदृत गर्दै इप्पानले जानकारी दिएको छ ।

मौसमसम्बन्धी पूर्वसूचनाहरू लिएर इप्पानमा आवद्धसहित देशभरका सम्पूर्ण निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूलाई विपद्बाट हुन सक्ने सम्भावित मानवीय र भौतिक क्षति न्यूनीकरणका लागि पूर्वतयारीका कार्य अघि बढाउन इप्पानले आग्रह गरेको छ ।

गत असार २४ गते भोटेकोशी नदीमा आएको बाढीले रसुवा र नुवाकोटमा निर्माणाधीन तथा निर्माण सम्पन्न भइसकेका आधा दर्जन भन्दा बढी जलविद्युत् आयोजनाहरूमा ठूलो क्षति पुऱ्याएको घटनाका साथै विगतका वर्षहरूमा पनि बाढी पहिरोले जलविद्युत् आयोजना निर्माणमा संग्लग्न धेरै कर्मचारीहरूले ज्यान गुमाउनुका साथै आयोजनामा निकै ठूलो भौतिक क्षति भई वर्षौंसम्म विद्युत् उत्पादन बन्द गर्नुपरेको घटनालाई स्मरण गराउँदै आगामी दिनमा यस्ता घना दोहोरिन नदिन इप्पानले आग्रह गरेको छ ।

# 'प्रत्येक घरधुरीलाई सेयर बाँड्दै छौं'

■ प्रभाव संवाददाता

**चैनपुर–** 'म सामान्य मान्छे हुँ, तपाईंहरूको बलमा मन्त्री भएको हुँ, अब शीर झुकाउने छैन, परिणाम देखाउनेछु ।' ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री दीपक खड्काले शुक्रबार संखुवासभाको चैनपुरमा 'सिंचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय' को उद्घाटन गर्दै यस्तो अभिव्यक्ति दिए ।

कार्यक्रममा बोल्दै मन्त्री खड्काले सरकारको कार्यकाल पूर्ण हुने दाबी गर्दै, जनतासँग गरेका वाचा पूरा गर्ने प्रतिबद्धता जनाए । 'यो सरकार चल्छ, एक वर्ष सम्माननीय केपी ओली प्रधानमन्त्री हुनुहुन्छ, त्यसपछि शेरबहादुर देउवा बन्नुहुन्छ, तर सरकार जनताले अपेक्षा गरेको काम गर्छ,' उनले भने । संखुवासभालगायत भोजपुर, धनकुटा र तेह्रथुम गरी चार जिल्लालाई लक्षित गरी नयाँ कार्यालय सञ्चालनमा ल्याइएको हो ।

उद्घाटन समारोहमा मन्त्री खड्काले ११ वटा जलस्रोत तथा सिंचाइ आयोजनाको ठेक्का खुलिसकेको जानकारी दिँदै, अरुण तेस्रो आयोजनाको काम तीव्र गतिमा अगाडि बढिरहेको बताए । 'अरुण तेस्रो आयोजनाबाट ९०० मेगावाट विद्युत उत्पादन हुनेछ, जसमा २०० मेगावाट नेपालले पाउँछ । अपर अरुण पनि अगाडि बढिसकेको छ,' उनले जानकारी गराए ।

साथै, स्थानीय घरधुरीहरूलाई शेयर दिने तयारी भइरहेको भन्दै उहाँले विपी कोइरालाको समाजवादी मार्गदर्शनअनुसार गरिबलाई धनी बनाउने नीति कार्यान्वयन भइरहेको उल्लेख गरे । मन्त्री खड्काले सिचाइ क्षेत्रमा रोकिएका कामहरूलाई अघि बढाउने प्रयास भइरहेको भन्दै, 'किमाथान्का' मा पुल, भन्सार नाका लगायत पूर्वाधार निर्माणमा भारत र चीन दुवै देशसँग सहकार्य गरिने बताए ।

नीतिगत क्षेत्रको प्रगति उल्लेख गर्दै मन्त्री खड्काले जलस्रोत र विद्युत् सम्बन्धी विधेयकहरू अगाडि बढिसकेको, मौसम नीति पारित भई विपद् सूचनालाई वडा वडा सम्म पुऱ्याउने प्रणाली लागू भइसकेको जानकारीसमेत दिए । 'मेरो पालामा बंगलादेशमा ४० मेगावाट विद्युत् बेचिएको छ, जसबाट १ अर्ब २५ करोड रूपैयाँ आम्दानी भएको छ,' उनले तथ्य प्रस्तुत गर्दै भने ।

कार्यक्रममा ऊर्जा मन्त्रालयका सिंचाइ सचिव सरिता दवाडीले 'चार जिल्लामा सेवा पुऱ्याउने यो कार्यालय मन्त्रीज्यूको दृढताका कारण स्थापना भएको हो,' भन्दै यसले स्थानीय विकासमा ठूलो योगदान पुऱ्याउने बताए । सिंचाइ विभागका महानिर्देशक सञ्जिव बरालले भनेर 'संघीय सरकार अन्तर्गतको आयोजना खुल्नु आफैमा चारै जिल्लाका लागि ठुलो उपलब्धि हो ।'

स्थानीय जन प्रतिनिधिहरूले पनि मन्त्री खड्काको नेतृत्वमा जिल्लामा ठूलो बजेट भित्रिएकोमा आभार व्यक्त गरे । खाँदवारी नगरपालिकाका मेयर महेश थपलियाले भने '५ अर्ब २० करोड बजेट जिल्लामा ल्याएकोमा मन्त्रीज्यूलाई धन्यवाद दिन्छु ।' संघीय संरचनाअनुसार सशक्त सेवा दिन स्थापना गरिएको 'सिंचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय' ले पूर्वी पहाडी जिल्लाहरूमा जलस्रोतको समुचित उपयोग गर्दै कृषि उत्पादनमा वृद्धि र समृद्धिमा टेवा पुऱ्याउने आयोजना प्रमुख धिराज लम्सालले बताए ।

# राजस्व संकलन ९.४० प्रतिशतले बढ्यो

■ प्रभाव संवाददाता

**भद्रपुर (झापा)** – आन्तरिक राजस्व कार्यालय भद्रपुरले आर्थिक वर्ष २०८१/८२ मा रु तीन अर्ब ५१ करोड ७९ लाख ५९ हजार राजस्व संकलन गरेको छ । उक्त रकम अघिल्लो आर्थिक वर्षको तुलनामा नौ दशमलव ४० प्रतिशतले बढी हो ।

कार्यालयले आव २०८०/८१ मा रु तीन अर्ब २१ करोड ५४ लाख ६८ हजार राजस्व संकलन गरेको थियो । आव २०८१/८२ मा अघिल्लो आवको भन्दा रु ३० करोड २४ लाख ९१ हजारको बढी राजस्व संकलन भएको प्रमुख कर अधिकृत कृष्णचन्द्र काफ्लेले जानकारी दिए ।

कार्यालयले आव २०८१/८२ मा रु चार अर्ब आठ करोड ५३ लाख ६० हजार राजस्व उठाउने लक्ष्य राखेको थियो । यद्यपि लक्ष्यको ८६ दशमलव ११ प्रतिशत मात्रै राजस्व संकलन भएको छ । लक्ष्यअनुसार राजस्व संकलन नभए पनि अघिल्लो आवको तुलनामा बढी राजस्व संकलन हुनु सुखद् पक्ष रहेको प्रमुख कर अधिकृत काफ्लेको भनाइ थियो ।

आन्तरिक राजस्व कार्यालयले आयकरबाट रु एक अर्ब ५९ करोड ८१ लाख, घरबहाल करबाट रु दुई करोड ८४ लाख, ब्याजबापत रु आठ करोड ७५ लाख, मूल्य अभिवृद्धि करबापत रु एक अर्ब १५ करोड २७ लाख, अन्तःशुल्कबापत रु ६३ करोड ६६ लाख ५४ हजार राजस्व संकलन भएको छ ।


गत आव २०८१/८२ मा सबैभन्दा बढी ३९ दशमलव ९८ प्रतिशतले अन्तःशुल्कबापत उठ्न करमा वृद्धि भएको प्रमुख कर अधिकृत काफ्लेले जानकारी दिए । यसैगरी आयकरमा चार दशमलव २६ र मूल्य अभिवृद्धि करमा तीन दशमलव ७७ प्रतिशले राजस्व संकलन बढेको छ ।

कार्यालयले राजस्व संकलनको लक्ष्य हासिल गर्न निरन्तर बजार अनुगमन र निगरानी गर्नुका साथै कर बक्यौता राख्ने करदाताको बैंक खाता रोक्का गर्ने, जग्गा रोक्का गर्नेलगायतका कानुनी कारबाही गरिएको प्रमुख कर अधिकृत काफ्लेले जानकारी दिए ।

# ऐनापहरामा 'स्काइ वाक' सञ्चालन

**दमौली–** तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित पर्यटकीय गन्तव्यस्थल ऐनापहरामा साहसिक स्काइ वाक शनिबारदेखि व्यावसायिक रूपमा सञ्चालनमा आएको छ । गत जेठ दोस्रो हप्तादेखि यहाँ स्काइ वाक निर्माण सुरु गरिएको थियो । स्काइ वाकका लागि प्रतिव्यक्ति रु २५० शुल्क तोकिएको छ ।

ऐनापहरालाई पर्यटन हब बनाउने उद्देश्यसहित गाउँपालिकाले स्काइ वाक निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । रु १५ लाखको लगानीमा स्काइ वाक निर्माण गरिएको हो । कूल ५० मिटर अग्लो र ५७ मिटर लामो स्काइ वाकको प्रत्येक पाइला बीचमा एक फिटको खाली स्थान राखिएको छ । उनले भने, 'स्काइ वाकमा हिँड्दा हरियाली, शान्त पहरा र खुला आकाशको बीचमा एक अनौठो साहसिक अनुभव गर्न सकिनेछ । सुरक्षा उपायसहितको उच्च गुणस्तरीय निर्माण



भएकाले डर मान्नुपर्ने अवस्था छैन ।'

यस ठाउँ पछिल्लो समय पर्यटकको आकर्षणको केन्द्र बनिरहेको रहेकाले यहाँ पूर्वाधार थप गरिएको उनको भनाइ छ । स्काइ वाकले यहाँको पर्यटन विकास र साहसिक गतिविधिका लागि सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

पृथ्वीराजमार्गसँगै जोडिएको यस ठाउँ पर्यटकको घुम्ने गन्तव्यको रूपमा विकास भएको छ । बिदा र शनिबार दिन यहाँ आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ । शनिबार यहाँ एक हजारभन्दा बढी पर्यटकको आगमन हुने गरेको आँबुखैरेनी गाउँपालिका-२ का वडाध्यक्ष आशबहादुर गुरुङले जानकारी दिए ।

ढुंगामा विभिन्न कलात्मक आकृति कोरिएको यस ठाउँ पर्यटकको रोजाइमा परेको उनले बताए । उनले भने, 'गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा अगाडि बढाएको छ । राजमार्गसँगै जोडिएकाले पनि यस ठाउँ रोजाइमा पर्ने गरेको छ ।'

ऐनापहराबाट गाउँपालिकाले रु ६० लाखभन्दा बढी आम्दानी गरिसकेको छ । राजमार्गको नजिकै रहेको उक्त ठाउँ पर्यटकीय स्थलको रूपमा विकास भएपछि यस ठाउँलाई थप सुन्दर र आकर्षक बनाउन उद्यान निर्माण गरिएको छ ।

यहाँ झरना झरेको ठाउँको ढुंगामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुंगामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ । तनहुँकै अग्लो महाभारत पर्वत शृङ्ला छिम्केश्वरीको फेदीमा अवस्थित सिउढी खोलाको पानी बगेर झरनामा मिसिएको छ ।

ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ । यस ठाउँलाई व्यवस्थित गर्न आयोजनाको विस्तृत प्रतिवेदनअनुसार रु १० करोड बजेट आवश्यक पर्छ । प्रतिवेदनअनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने उल्लेख छ । *रासस*

# राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको अध्यक्षमा ढकाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालक समितिले देवकुमार ढकाललाई अध्यक्ष चयन गरेको छ । शुक्रबारको बैठकले सर्वसम्मत ढकाललाई अध्यक्ष चयन गरेसँगै उनले पदभार ग्रहण गरेका छन् । ढकालसँग नेपाल राष्ट्र बैंकमा ३० वर्षभन्दा बढी समय विभिन्न जिम्मेवारीमा रहेर सेवा गरेको अनुभव छ । पछिल्लो समय राष्ट्र बैंकको निर्देशकको जिम्मेवारीमा रहेर कार्य गर्नुभएका ढकाल वित्तीय प्रणाली, बैंकिंग प्रशासन तथा नियमन प्रणाली विषयको जानकार छन् ।



नवनियुक्त ढकाललाई बैंक सञ्चालक समिति सदस्यहरू महेश भट्टराई, लक्ष्मण घिमिरे, प्राडा रामप्रसाद ज्ञवाली, रोमिला ढकाल उप्रेती, डा सूर्यबहादुर राना, प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, बैंकका व्यवस्थापन समितिका पदाधिकारी, कम्पनी सचिव प्रमोद अधिकारी एवम् प्रमुख कार्यकारी अधिकृतको कार्यालयका कर्मचारीहरूले स्वागत गरेका थिए ।

विसं २०२२ स्थापना भएको राष्ट्रिय वाणिज्य बैंकले अहिले तीन सय नौ वटा शाखा कार्यालयमार्फत ७७ वटै जिल्लामा करिब ४७ लाखभन्दा बढि सेवाग्राहीलाई सेवा प्रवाह गर्दै आएको छ । बैंक आफ्नो सेवालाई समय सापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित रहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ